**विशेष इजलास**

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** रिट नं. ०६७-WS-००७६, उत्प्रेषण, *पुण्यप्रसाद अर्याल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

मुलुकी ऐन दण्डसजायको ११क को कानूनी व्यवस्थाको मनसाय कुनै व्यक्ति विशेषको हकमा लागू हुने भन्दा पनि अपराधको प्रकृतिलाई विचार गरी अड्डाले कैदमा राख्ने वा नराख्ने गरी फैसला गर्न सक्दछ भन्ने रहेको देखिन्छ । यसरी कैदमा नराख्ने गरी फैसला गर्दा पनि अड्डाले कसूरदारसँग फैरि त्यस प्रकारको कुनै अपराध नगरी राम्रो दण्डलाई खारेज गरी सशर्त रूपमा निलम्बन गरी वैकल्पिक दण्ड (Alternative Penalty) तोक्ने व्यवस्था रहेको अवस्था छ । यदि यस्तो वैकल्पिक दण्ड प्राप्त गर्ने व्यक्तिले सो मितिले तीन वर्षभित्र कैदको सजाय हुने कुनै अपराध गरेमा पहिलाको फैसलाबमोजिमको कैद समेत थपी सजाय गरिने व्यवस्था दण्ड सजायको ११क नं. को देहाय ३ मा रहेको पाइन्छ । यसबाट अपराधको प्रकृति, अवस्था, असर र गम्भीरता जस्ता दण्ड निर्धारण विविध तत्त्वहरूलाई आधार मानी सानातिना अपराधको पुनरावृत्ति नहोस् र कसूरदारले पनि सुध्रिने मौका पाई एउटा असल नागरिक बन्न सकोस् भन्ने उद्देश्यले दण्डको सुधारात्मक सिद्धान्त (Reformative Theory) अवलम्बन गरी न्यायकर्ताले उपयुक्त दण्ड निर्धारण गर्न सक्ने गरी भएको कानूनी व्यवस्थालाई संविधानविपरीत भन्न नसकिने ।

इजलास अधिकृतः कृष्णमुरारी शिवाकोटी
कम्प्युटरः विकेश गुरागाईं
इति संवत् २०६९ साल बैशाख २१ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह, मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री कमलनारायण दास,** ०६७-WS-००७३, उत्प्रेषण परमादेश समेत, *आइतराम बोटे समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

नियम बनाउन अधिकार दिने कारागार ऐन, २०१९ को दफा २७ को उपदफा (२) को व्यवस्था र सो ऐनमा रहेको अन्य दफाहरूको निहितार्थ बमोजिम सबै मुद्दाको सजाय छुट्टयाउने नभै अपराधको गम्भीरता र प्रकृति हेरी वर्गीकरण गरी सोअनुसार सजाय छोट्ट्याउन नियम बनाउन पाउने अधिकार प्रदान गरेको मान्नुपर्ने ।

कुन मुद्दाको कैदीलाई के कुन अवस्थामा कैद सजाय छोट्ट्याई कैद मुक्त गर्ने भन्ने विषयमा अपराध र सजायको प्रकृति, परिणाम र सो दूरगामी प्रभाव समेत हेरी नियम बनाउन सक्ने गरी अधिकार प्रदान गरेको अवस्थामा नेपाल सरकारले कैद छोट्ट्याउन मिल्ने वा नमिल्ने प्रकृतिका मुद्दाहरूको बारेमा खास वर्गीकरण गरी गम्भीर प्रकृतिका मुद्दामा कैद सजाय पाएको व्यक्तिको कैद छोट्ट्याउन नमिल्ने गरी नियमावलीमा विशेष व्यवस्था गर्नै कुनै तरहले बाधा नपर्ने ।

कारागार नियमावली, २०२० को नियम २९ को उपनियम (१ख) को प्रावधानहरू मुद्दाको गम्भीरता र प्रकृतिलाई विचार गरी बोधगम्य आधार (Intelligible Differentia) देखाई मुद्दाहरूको तर्कसंगत वर्गीकरण (Reasonable classification) गर्ने गरी व्यवस्था भएको देखिएको र सो व्यवस्थाबाट कुनै एउटै प्रकृतिका मुद्दाका कैदीहरूको बीचमा नै असमान व्यवहार वा भेदभाव गरेको भन्ने नभई खासखास प्रकृतिका मुद्दामा कैद सजाय पाएका सबै व्यक्तिको "कैद छोट्ट्याउन नसकिने" भनी व्यवस्था गरेको देखिन आएको हुँदा कारागार नियमावलीको नियम २९ को उपनियम (१क) को प्रावधान भेदभावपूर्ण वा समानताको सिद्धान्तप्रतिकूल नहुँदा निवेदकको मागबमोजिमको आदेश जारी हुन नसक्ने ।

इजलास अधिकृतः विदुर कोइराला
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६८ साल चैत ३० गते रोज ५ शुभम् ।

- यसै लगाउको ०६८-WS-०००४, उत्प्रेषण परमादेश समेत, *खेमबहादुर तामाङ वि.*

*प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

३

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय, मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६८-WS-००५०, उत्प्रेषण समेत *डा. ऋषिकान्त अधिकारी समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६ को प्रतिवन्धात्मक प्रावधानअन्तर्गत देहाय (३) को व्यवस्था नेपाल स्वास्थ्य सेवा, अप्थाल्मोलोजी समूहअन्तर्गत निवेदकहरू हाल कार्यरत् पदको हकमा मात्र लागू हुने व्यवस्था नभई स्वास्थ्य सेवाअन्तर्गत सबै समूह र पदहरूमा कार्यरत् रहेका अन्य कर्मचारीहरूको हकमा समेत लागू हुने सामान्य व्यवस्था भएको हुँदा दुर्गम क्षेत्रमा दरबन्दी रहेको समूह र पदहरूमा कार्यरत् अन्य कर्मचारीहरूलाई माथिल्लो पदमा बढुवा गर्दा सो कानूनी व्यवस्थाको कार्यान्वयनबाट त्यस्तो कर्मचारीहरूलाई कुनै प्रतिकूल असर पर्ने वा भेदभाव हुने वा अनुचित बन्देज लगाएको देखिन सक्ने अवस्था आउँछ भनी अर्थ गर्न नमिल्ने हुँदा निवेदकहरू हाल कार्यरत् पद दुर्गम क्षेत्रमा नरहेको भन्ने आधारबाट मात्रै स्वास्थ्य सेवा ऐनको दफा २६ को प्रतिवन्धात्मक प्रावधानअन्तर्गत देहाय (३) को व्यवस्थालाई अमान्य र बदर घोषित गर्न नमिल्ने ।

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २६ को प्रतिवन्धात्मक प्रावधानअन्तर्गत देहाय (३) को यसै कानूनी व्यवस्थालाई नै अमान्य र बदर घोषित गरिपाऊँ भनी यस अदालतमा दायर भएको निवेदक पानबहादुर क्षेत्री विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय समेत भएको रिट नं. ०६६-WS-००१३ को निवेदनमा यस अदालतको विशेष इजलासबाट उक्त व्यवस्था अमान्य र बदर घोषित गर्न नमिल्ने तर दुर्गम क्षेत्रमा दरबन्दी नभएका नेपाल स्वास्थ्य सेवाको पदमा कार्यरत् कर्मचारीहरूको माथिल्लो पदमा बढुवा गर्दा सो दफा २६ को प्रतिवन्धात्मक प्रावधानअन्तर्गत देहाय (३) को व्यवस्था लागू नहुने गरी उचित कानूनी व्यवस्था गर्न संशोधन प्रस्ताव पेश गर्नु भनी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेतका नाममा मिति २०६८।१०।१९ मा निर्देशात्मक आदेश जारी भइरहेको देखिँदा समान स्तरको इजलासबाट आदेश जारी भैसकेको अवस्था हुँदा यस इजलासले सो सम्बन्धमा थप बोलिरहन समेत आवश्यक नदेखिने ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६९ साल जेठ २५ गते रोज ५ शुभम् ।

## पूर्ण इजलास

१

**मा.न्या.श्री ताहिर अली अन्सारी, मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७-WF-००३३, उत्प्रेषण परमादेश, *चित्रदेव जोशी वि.न्याय परिषद् समेत*

स्वच्छ कारवाहीको सिद्धान्त (Doctrine of fair Trial) अन्तर्गत न्यायिक स्वच्छताका साथै प्रक्रियागत स्वच्छता (Procedural Fairness) पनि आवश्यक तत्व हुन्छ । अर्थात् कानूनबमोजिमको प्रक्रिया र कार्यविधि अवलम्बन गरेपछि मात्र प्रमाणको आधारमा कोही व्यक्ति दोषी हो, होइन भनी निर्णय गर्न सकिन्छ । विभागीय कारवाहीमा पनि यो सिद्धान्त लागू हुने हुँदा यसको वेवास्ता वा उपेक्षा गर्न नमिल्ने ।

मुद्दाको कारवाही वा निर्णय गर्दा प्रयोग हुनै नसक्ने कानूनको प्रयोग गरी वा कानूनको स्पष्ट र असंदिग्ध व्याख्या वा अर्थलाई छोडेर वलपूर्वक अर्को व्याख्या वा अर्थ गरी सो कारवाही वा निर्णयमा अनुचित असर पुऱ्याएको कारण कार्यक्षमताको अभाव रहेको भन्ने आरोपमा पदमुक्त गरिएको देखिन्छ । तर सो आरोपको खण्डन गर्न वा सो आरोपको बारेमा आफ्नो सफाई पेश गर्न निवेदकले मौका पाएको नदेखिने ।

कुनै न्यायाधीशलाई कुनै आरोप लगाई पदबाट मुक्त गर्ने सम्मको उपल्लो हदको कारवाही

गर्दा संविधान र ऐनअनुरूप न्यायपूर्ण र विवेकसम्मत ढंगले हुनुपर्छ । यसमा पनि विवाद हुन सक्दैन । न्यायाधीशलाई पदमुक्त गर्ने सजाय गर्दा कम्तीमा पनि जुन आरोपमा हटाएको हो, सो आरोपको सम्बन्धमा स्पष्टीकरण माग्नै पर्दछ । पदमुक्त गर्ने सजाय गर्न सक्ने न्याय परिषद्को अधिकारअन्तर्गत सम्बन्धित न्यायाधीशलाई सुनुवाइको मौका अर्थात् स्पष्टीकरण पेश गर्ने अवसर नै प्रदान नगरी वा एउटा कसूरको विषयमा स्पष्टीकरण सोधी अर्कै कसूरमा पदमुक्त गर्न सक्ने अधिकार पनि पर्दछ भनी मान्न नसकिने ।

न्यायाधीशलाई सेवाबाट बर्खास्त गर्ने अन्तिम सजाय गर्दा प्रचलित ऐन नियममा उल्लिखित कार्यविधिको अक्षरसः पालना वा अवलम्बन गरिएको हुनुपर्दछ । यसमा अलिकति पनि विचलनको गुञ्जायश छैन । प्राकृतिक न्यायको सिद्धान्तको कुनै रुपले र लेश मात्र पनि उल्लंघन गरी वा कानूनबमोजिमको प्रक्रिया पालना नगरी गरिएको निर्णय कानूनको दृष्टिमा शून्य हुने ।

सरकारी कर्मचारी वा अन्य सार्वजनिक पदाधिकारीको विभागीय कारवाही र सजायको हकमा सर्वमान्य रुपले स्थापित भइसकेको नजीर र कानूनी सिद्धान्त लागू हुने तर जनतालाई न्याय गर्ने जिम्मेवारी बोकेको न्यायाधीशको हकमा लागू नहुने भन्न नमिल्ने ।

प्रशासनिक निर्णय गर्दा र प्रशासनिक वा अन्य कर्मचारीहरू उपर कारवाही गर्दा न्यूनतम् मापदण्ड र कानूनबमोजिमको कार्यविधि अवलम्बन गर्नुपर्ने हुन्छ । नगरिए त्यस्तो कारवाही बदरभागी हुन्छ । न्याय परिषद् जस्तो उच्च तहको संवैधानिक निकायले कुनै न्यायाधीशउपर कारवाही गर्दा त्यस्ता मापदण्डको वेवास्ता गर्न र संवैधानिक प्रक्रियाको अवलम्बन नगरी आफूखुशी (Doctrine of Pleasure) को आधारमा कारवाही गर्न वा पदमुक्त गर्न मिल्दैन । यी समग्र पक्षबाट हेर्दा यी रिट निवेदकको हकमा गरिएको निर्णयबाट न्याय परिषद्को निर्णय क्षमता र विश्वसनीयता (Credibility) माथि गम्भीर प्रश्न चिन्ह खडा भएको छ । आगामी दिनहरूमा न्यायपरिषद्ले यसतर्फ गम्भीरतापूर्वक र संवेदनशील भएर पर्याप्त ध्यान दिने छ भन्ने कुरामा यो इजलास विश्वस्त छ । किनभने एउटा कसूर वा आरोपको विषयमा कारवाही, जाँचबुझ र स्पष्टीकरण माग गरी अर्को आधार र कसूरमा पदमुक्त गर्ने निर्णय निःसन्देह स्वच्छ सुनुवाइको सिद्धान्त प्रतिकूल, आत्मपरक एवं स्वेच्छाचारी निर्णय हुन जान्छ । यस्तो निर्णय न्यायपूर्ण नहुनुको अतिरिक्त न्यायाधीशहरूको मानसिकतामा यसले नकारात्मक प्रभाव पार्ने र त्यसबाट सम्पूर्ण न्याय व्यवस्थामा घातक असर पर्ने कुरातर्फ न्यायपरिषद् सजग र संवेदनशील हुनुपर्ने ।

इजलास अधिकृत : विदुर कोइराला

कम्प्युटरः विकेश गुरागाई

संवत् २०६९ साल भदौ १४ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी, मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६८-DF-०००१, परमादेश, *सीता कैनी वि. जिल्ला प्रहरी कार्यालय, तनहुँ समेत*

अपराधको अनुसन्धान र अभियोजन गर्ने अधिकारप्राप्त कार्यालयले आफ्नो अधिकारक्षेत्रभित्र पर्ने कसूरको अनुसन्धान र अभियोजन गर्दा अपराधमा संलग्न व्यक्तिको हैसियत, ओहोदा वा पदलाई आधार बनाई अनुसन्धान कार्य वा अभियोजन गर्ने गराउने उद्देश्य होइन । अपितु कानूनको पालन र सम्मान गर्दै तथ्य र प्रमाणको आधारमा अपराध अनुसन्धान र अभियोजनको कार्य अगाडि बढाउनु पर्ने हुन्छ । यसलाई सबैले राम्रोसँग हृदयंगम गर्नुपर्ने ।

नेपाल सरकारको मातहतमा रहेको सेनामा कार्यरत् रहेको व्यक्तिलाई फरार रहेको व्यक्ति वा अनुसन्धान गर्ने निकायको पहुँच बाहिरको व्यक्ति भनी अर्थ गर्न पनि मिल्दैन । त्यसैले जिल्ला प्रहरी कार्यालयले अनुसन्धानमा प्रतिवादीहरू उपस्थित नभएको भन्ने मात्र आधार देखाई निवेदिकाले मिति २०६३।१२।२३ मा दर्ता गराएको जाहेरी दरखास्तको विषयमा हालसम्म अनुसन्धान पूरा नगरी यथास्थितिमा राखेको कामकारवाहीलाई उचित मान्न नसकिने ।

संवेदनशील विषयमा अनुसन्धान कार्यलाई अनिश्चित बनाई राख्नु कुनै पनि दृष्टिकोणबाट उचित र तर्कसंगत् मान्न नसकिने ।

सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ बमोजिम निवेदिकाले दिएको मिति २०६३।१२।२३ को जाहेरीउपर यो आदेश प्राप्त भएको मितिले तीन महिनाभित्र जाहेरी दरखास्तमा लेखिएका व्यक्तिहरूउपर अनुसन्धान कार्य पूरा गरी मुद्दा चलाउनु पर्ने हो होइन भन्ने बारेमा निर्णय गरी मुद्दा चलाउनु पर्ने देखिएमा कानूनबमोजिम मुद्दा चलाउनु र मुद्दा चलउन नपर्ने देखिएमा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २० अनुसार सोही कुराको सूचना गर्नु भनी विपक्षी कार्यालयहरूको नाममा परमादेश जारी हुने ।

साथै उक्त तीन महिनाको अवधिभित्र अनुसन्धान कार्य पूरा हुन नसकेको अवस्थामा तबसम्मको प्रगति विवरणसहित थप के कति अवधि लाग्न सक्ने हो, सोको वस्तुगत आधार, कारणसहित यस अदालतमा लेखी पठाउनू र त्यसमा यस अदालतबाट हुने आदेशअनुसार गर्नु भन्ने समेत विपक्षीहरूलाई लेखी पठाउनू ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६९ साल असार २८ गते रोज ५ शुभम् ।

- यसै प्रकृतिको २०६८-DF-०००२, परमादेश, फूलमाया नेपाली वि. जिल्ला वन कार्यालय, तनहुँ समेत भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री दामोदरप्रसाद शर्मा,** फौ.पु.नं. ०६६-CR-०३५७, ०४६६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. फणेन्द्र साउद, पवित्रादेवी साउद वि. नेपाल सरकार*

प्रतिवादी फणेन्द्र साउदले वारदातस्थलमा उपस्थित भई नवजात शिशुको हत्या गर्न प्रतिवादी पवित्रादेवी साउदलाई सल्लाह दिएको भन्ने देखिन आउँदैन । यसरी निज प्रतिवादीले आरोपित कसूर गरेको पुष्टि हुने स्वतन्त्र र ठोस प्रमाणको अभावमा सहअभियुक्तको पोल मात्रको आधारमा निजलाई कसूरदार ठहर गर्न कानूनसम्मत् नहुने हुँदा निज प्रतिवादी फणेन्द्र साउदलाई अभियोग दावीबाट सफाइ हुने ।

प्रतिवादी पवित्रादेवी साउदलाई ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।

आफूले धारण गरेको गर्भ स्वेच्छाले पतन गराउन सक्ने सम्मको छूट कानूनले गर्भवती महिलाहरूलाई प्रदान गरेको देखिन्छ । अनिच्छित गर्भधारण गर्न पुगेकी र उक्त कानूनी प्रावधानको जानकारीसम्म नभएको ग्रामीण परिवेशकी निरक्षर यी प्रतिवादी पवित्रादेवी साउदलाई अर्थाभावकै कारण स्वास्थ्य संस्थासम्मको पहुँच पनि सम्भव नभएको भन्ने देखिएको र सामाजिक लाजगालबाट बँच्न निजले आरोपित कसूर गरेको देखिन आएको अवस्था हुँदा निजलाई हुने ठहरेको सर्वस्वसहित जन्मकैदको सजाय चर्को पर्ने र तीनवर्ष छ महिना मात्र कैद गर्दा पनि न्यायको उद्देश्य पूरा हुने देखिएकोले अ.बं. १८८ नं. बमोजिम निज प्रतिवादी पवित्रादेवी साउदलाई तीन वर्ष छ महिना कैद सजाय हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०६८ साल फागुन १७ गते रोज ४ शुभम् ।

२

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री दामोदरप्रसाद शर्मा,** फौ.पु.नं. ०६६-CR-०४२९, कर्तव्य ज्यान, *सुरेन्द्र मुखिया समेत वि. नेपाल सरकार*

मृतकको शव परीक्षण प्रतिवेदनमा मृत्युको कारणमा Head Injuruy भन्ने उल्लेख भएको देखिन्छ । मृतक श्री मुखिया आफैँले वारदातपश्चात् प्रहरी कार्यालयमा उपस्थित भई यिनै प्रतिवादीहरूको नाम किटान गरी घा जाँच केश फारामका लागि दरखास्त दिएको र जनकपुर अञ्चल अस्पतालमा निजको उपचार भएको समेत मिसिलबाट देखिएको र प्रत्यक्षदर्शीहरूको

भनाई, मृतकको शव परीक्षण प्रतिवेदन तथा मृतकको निवेदनसाथ उपरोक्त आधार प्रमाणहरूबाट यी प्रतिवादीहरू कुम्मर मुखिया र प्रमोद मुखिया समेतले मिति २०६३।२।६ मा मृतक श्री मुखियालाई सामूहिकरूपमा कुटपीट गरेको र सोही कुटपीटको चोट पीडाबाट मिति २०६३।२।१७ मा श्री मुखियाको मृत्यु भएको देखिन आएको हुँदा निज प्रतिवादीहरू कुम्मर मुखिया र प्रमोद मुखियालाई ज्यानसम्बन्धीको महलको १३(३) नं. अनुसार जन्मकैद हुने ।

मृतक र निज प्रतिवादीहरू दाजुभाइ काका, भतिजा नाताका देखिन्छन् । मृतक र निजहरूको बीच ज्यानै लिनुपर्नेसम्मको पूर्व रिसइवी र झैझगडा रहेको भन्ने पनि मिसिलबाट देखिन आएको छैन । भैंसीले घरको टाटी भत्काएको सामान्य विषयमा मृतकसँग झगडा हुँदा मिति २०६३।२।६ गते यी प्रतिवादीहरू समेतले मृतकलाई कुटपीट गरेको र उपचारका क्रममा मिति २०६३।२।१७ गते घरमा मृतकको मृत्यु भएको अवस्था समेतको परिप्रेक्ष्यमा पुनरावेदन अदालतले निजहरूलाई अ.बं. १८८ नं. अन्तर्गत दश वर्ष कैद गर्ने राय व्यक्त गरेको देखिन्छ । निज प्रतिवादीहरूले पुनरावेदन अदालतको उक्त फैसलाउपर म्यादभित्र पुनरावेदन नगरी उक्त फैसलामा चित्त बुझाई बसेको देखिन आएबाट प्रतिवादीहरूले चित्त बुझाई बसेको उक्त सजायमा यस अदालतबाट अन्यथा गरिरहनु पर्ने अवस्था नभएकोले निज प्रतिवादीहरूलाई अ.बं. १८८ नं. बमोजिम दश वर्ष सजाय हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६८ साल फागुन १७ गते रोज ४ शुभम् ।

३

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री दामोदरप्रसाद शर्मा,** फौ.पु.नं. ०६६-CR-०४६७, जवर्जस्ती करणी, *ध्रुव भट्टराई वि. नेपाल सरकार*

जवर्जस्ती करणी मुद्दाको वारदात मिति २०६३।७।१० गते भएको भन्ने मिसिलबाट देखिन्छ । पुनरावेदन अदालत इलामले फैसला गर्दा लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन, संशोधन गर्ने ऐन, २०६३ (प्रमाणीकरण र प्रकाशन मिति २०६३।७।१७) द्वारा संशोधित मुलुकी ऐन, जवर्जस्ती करणीको महलको १ नं. को स्पष्टीकरण खण्ड(ग) को परिभाषाको आधारमा प्रतिवादीले पीडित बालिका ख कुमारीलाई जवर्जस्ती करणी गरेको ठहर गरेको देखिन्छ । वारदात मिति २०६३।७।१० भन्दा पछि मिति २०६३।७।१७ मा भएको ऐनको संशोधित व्यवस्था प्रतिवादीको कसूर कायम गर्ने प्रयोजनका लागि आकर्षित हुने अवस्था एकातर्फ रहँदैन भने अर्कोतर्फ मिसिलसंलग्न उपरोक्त वस्तुगत प्रमाणहरूबाट समेत प्रतिवादी ध्रुव राईले पीडित बालिकाहरूलाई जवर्जस्ती करणी गरेको तथ्य स्थापित हुन आएको नदेखिएको प्रतिवादी ध्रुव राईले दुबैजना बालिकाहरूलाई जवर्जस्ती करणीको उद्योग गरेको ठहर्ने ।

प्रतिवादी ध्रुब राईले पीडित बालिकाहरू ख कुमारी र ग कुमारीलाई जवर्जस्ती करणी गर्ने उद्योग गरेको ठहरेको र वारदातका बखत आफू नाबालक रहेको भनी निजले पेश गरेको जन्मदर्ताको प्रमाणपत्र समेत बनावटी रहेको देखिएको हुँदा निज प्रतिवादीलाई पीडित बालिका ख कुमारीलाई जवर्जस्ती करणीको उद्योग गरेको कसूरमा तत्काल प्रचलित मुलुकी ऐन, जवर्जस्ती करणीको महलको ३(१) नं. बमोजिम हुनसक्ने कैद वर्ष १० को सोही महलको ५ नं. बमोजिम आधा अर्थात् ५ वर्ष कैद हुन्छ । त्यसैगरी अर्की पीडित 'ग' कुमारीलाई जवर्जस्ती करणीको उद्योग गरेको कसूरमा समेत निज प्रतिवादी ध्रुव राईलाई तत्काल प्रचलित मुलुकी ऐन, जवर्जस्ती करणीको महलको ३(१) नं. बमोजिम हुनसक्ने कैद वर्ष १० को मोही महलको ५ नं. बमोजिम आधा अर्थात् ५ वर्ष कैद सजाय हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०६८ साल फागुन १७ गते रोज ४ शुभम् ।

४

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री भरतराज उप्रेती,** फौ.पु.नं. ०६८-CR-०७८८, मानव बेचबिखन तथा ओसार-पसार, नेपाल *सरकार वि. ज्योति राई*

न्याय प्रशासनसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०६७ द्वारा संशोधित न्याय प्रशासन ऐन, २०४८ को दफा ९ को उपदफा (१) को खण्ड (ग) को कानूनी व्यवस्थाअनुसार शुरू अदालत, निकाय वा अधिकारीबाट तीन वर्षभन्दा कम सजाय गरेको र पुनरावेदन अदालतले सो सजाय उल्टी वा केही उल्टी गरेको अवस्थामा पुनरावेदन अदालतको उक्त फैसलाउपर यस अदालतमा पुनरावेदन लाग्न सक्ने देखिन नआउने ।

यस अदालतमा पुनरावेदन लाग्नेसम्बन्धी न्याय प्रशासन ऐन, २०४८ को दफा ९ को व्यवस्था एउटा मुद्दामा भएका र एकै पटक फैसला नभएको सबै प्रतिवादीहरूका हकमा निरपेक्षरूपमा आकर्षित हुने व्यवस्था होइन । कुनै मुद्दामा रहेको प्रतिवादीहरूमध्ये फैसला हुन बाँकी प्रतिवादीहरूका हकमा पछि फैसला हुँदा सो दफाबमोजिम यस अदालतमा पुनरावेदन लाग्न सक्ने नसक्ने जो स्थिति देखिन आउँछ । सोहीबमोजिम हुने नै हुन्छ । परन्तु पुनरावेदन अदालतबाट वादी र प्रतिवादीहरूमध्ये ज-जसको हकमा एकैपटक फैसला भएको छ सो आधारमा एकैचोटी फैसला भएकाको हकमा यस अदालतमा पुनरावेदन लाग्ने र नलाग्ने निष्कर्ष निकाल्नु पर्दछ भन्ने उक्त दफाको मनसाय हो । भविष्यमा के कस्तो होला भन्ने अनुमानको आधारमा अमुक प्रकारको निष्कर्ष निकाल्न नमिल्ने हुँदा प्रस्तुत मुद्दाको सन्दर्भमा पनि मुलतवी रहेको प्रतिवादीको हकमा पछि फैसला भएका अवस्थामा ठहरेबमोजिम पुनरावेदन लाग्ने वा नलाग्ने अवस्थाको निर्क्यौल उसै बेला हुने नै भएकोले सो फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) को संशोधित व्यवस्थाअनुसार वादी नेपाल सरकारको यस अदालतको पुनरावेदन लाग्न सक्ने अवस्था नदेखिएकोले प्रस्तुत पुनरावेदन पत्र खारेज हुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य
कम्प्युटरः विकेश गुरागाई
संवत् २०६९ साल भदौ १३ गते रोज ४ शुभम् ।

५

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** फौ.पु.नं. २०६६-CR-०६४९, ०७९०, ०१६५, कर्तव्य ज्यान, *गणेश खनाल वि. नेपाल सरकार, नेपाल सरकार वि. वीना भट्टराई समेत, सरोज भट्टराई समेत वि. नेपाल सरकार*

मृतकले अघिल्लो दिन आफूमाथि गरेको अभद्र व्यवहारको सम्बन्धमा छलफल गर्न गणेश खनाल र पति सरोज भट्टराईसहित प्रतिवादी वीना भट्टराई समेत वारदातस्थलमा गएको भन्ने तथ्यमा विवाद रहेको देखिँदैन । समीर खनालको ज्यानै जाने गरी प्रतिवादी गणेश खनालले टाउकोलगायतका सम्वेदनशील अंगमा बक्सिङले प्रहार गर्दा निज गणेश खनाललाई आफूले समाई छुट्याउन खोजेको भन्ने प्रतिवादी सरोज भट्टराईको बयान जिकीर रहेको देखिए पनि हस्तक्षेप गरी मृतकलाई बचाउन सकेको पाइँदैन । पुनरावेदक प्रतिवादीहरूको घटनास्थलमा रहेको उपस्थिति समेतका अवस्था र स्थितिलाई विचार गर्दा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम सजाय गरेको फैसला मनासिब देखिने ।

मृतक समीर खनालको मृत्यु टाउकोमा लागेको चोटको कारणबाट भएको, सो चोट प्रहार गर्ने व्यक्ति पुनरावेदक प्रतिवादी गणेश खनाल हुन् भन्ने देखिएको, प्रतिवादीहरू बीना भट्टराई र सरोज भट्टराई समेत वारदातस्थलमा गएकोमा मृतकउपर मर्नेसम्मको चोट प्रहार हुँदा यथासमय छुट्याएको नदेखिएको समेतका मिसिल संलग्न उपरोक्त आधार प्रमाणहरूबाट प्रतिवादीमध्येको गणेश खनाललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र प्रतिवादीहरू बीना भट्टराई र सरोज भट्टराईलाई सोही महलको १७(३) नं. बमोजिम जनही ६।६ महिना कैद हुने ।

मृतकलाई मार्ने पूर्वयोजना नै बनाई तयारीसहित प्रतिवादीहरू गएको भन्ने नदेखिई छलफलसम्म गर्न गएको अवस्थामा मृतकले प्रदर्शन गरेको उक्त व्यवहारबाट रिस उठी सामान्य हात मुड्कीसम्म प्रहार भएको घटना प्रकृतिबाट देखिन्छ । मृतकको मामा घरमा वारदात घटेको र निजका मामा श्रीलाल कट्टेल, मामाकी छोरी रमा कट्टेल लगायतका ६।७ जना व्यक्तिहरू वारदातस्थलमै मौजूद

रहेको, सबैले सम्झाई बुझाई गरी झगडा छुट्ट्याएको, पछि मृतकले माफी मागेपछि प्रतिवादीहरू फर्की गएको तथा ३ गतेदेखि ७ गतेसम्म कुनै औषधोपचार नगराई मृतक सामान्य अवस्थामा बसेको भन्ने पनि मिसिल कागजातबाट खुल्न आएको छ । वारदातको ४ दिनपछि मात्र मृतकको पिता जाहेरवाला लोकनाथ खनाललाई खबर गरेको र उपचारको लागि लगिएको भन्ने समेतको मिसिल संलग्न वस्तुतथ्यको समग्र प्रकृति विचार गर्दा २० वर्षको कलिलो उमेरमा विद्यार्थी यी प्रतिवादी गणेश खनाललाई ठहरेबमोजिम सजाय गर्दा चर्को पर्ने देखिएकोले मुलुकी ऐन, अ.बं. १८८ नं बमोजिम ५ वर्ष कैद सजाय हुन व्यक्त गरिएको राय मनासिब हुने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०६९ साल भदौ ६ गते रोज ४ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५ सालको रिट नं. ०७६५, उत्प्रेषणयुक्त परमादेश, *जनकलाल महर्जन समेत वि. नेपाल खानेपानी संस्थान, के.का. समेत*

साधिकार निकायबाट कानूनी दायराअन्तर्गत रही गरिएको निर्णय अन्यथा नभई मौजूद रहेको अवस्थामा सो निर्णयलाई आधार टेकी उक्त निर्णयको कार्यान्वयनसम्म गर्ने गरेको विपक्षी खानेपानी संस्थानको निर्णयलाई अन्यथा भनी बदर गर्न मिल्ने अवस्थाको विद्यमानता नदेखिने ।

निवेदकहरूले स्वेच्छिक अवकाशबापत पाउने रकममा १५ प्रतिशत कर कट्टा गर्ने गरेको आन्तरिक राजश्व विभागको निर्णय मौजूद रहेको अवस्थामा उक्त विभागलाई विपक्षी नै नबनाएको अवस्थामा उक्त निर्णयको तथ्यभित्र प्रवेश गरी अन्यथा भन्न नमिल्ने हुँदा सो निर्णयअनुसार यी निवेदकहरूले स्वेच्छिक अवकाशबापत पाउने रकममा १५ प्रतिशत कर कट्टा गर्ने गरेको विपक्षी खानेपानी संस्थानको निर्णयलाई अन्यथा भनी निवेदन मागअनुसार बदर गर्न मिल्ने अवस्थाको विद्यमानता नदेखिएकोले निवेदन मागबमोजिम आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः मञ्जिता ढुंगाना

इति संवत् २०६८ साल माघ २ गते रोज २ शुभम् ।

- यसै प्रकृतिको २०६४ सालको रिट नं. १०१९, उत्प्रेषणयुक्त परमादेश, *शोमा रेग्मी समेत वि. नेपाल खानेपानी संस्थान, के.का. भएको मुद्दामा यसैबमोजिम आदेश भएको छ ।*

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** ०६५-wo-१०२६, उत्प्रेषणयुक्त परमादेश, *.सुनौलो परिवार नेपाल संस्थापक रहेको मेरी स्टोप्स प्रा.लि. कुपण्डोल, ललितपुरको तर्फबाट ऐ. कम्पनीका सहायक निर्देशक प्रवीण शाक्य* वि. *सुनौलो परिवार नेपाल तथा मेरी स्टोप्स प्रा.लि. कुपण्डोल, ललितपुर समेत*

डा. धनञ्जय यादवलाई १६ फेब्रुअरी, २००९ को पत्रबाट प्रतिष्ठानको सेवाबाट अवकाश दिने सन्दर्भमा रिट निवेदकबाट भएको कामकारवाही हेर्दा सो अवकाश पत्रमा २९ डिसेम्बर २००८, ९ फेब्रुअरी २००९ र १२ फेब्रुअरी २००९ मा निजलाई स्पष्टीकरण सोधिएको व्यहोरा उल्लेख गरिएको भए पनि उक्त स्पष्टीकरण पत्रमा श्रम ऐन, २०४८ को दफा ५३(१) ले निर्धारण गरेको कानूनी कार्यविधिअनुसार खराब आचरण गरेको तथ्य र सो प्रमाणित भएमा हुनसक्ने सजाय समेत स्पष्ट उल्लेख गरी सो ऐनको दफा ५२ मा वर्णित विभिन्न खराब आचरणमध्ये कुन खराब आचरण गरेको हो सो सम्बन्धमा ऐनको दफा समेत उल्लेख गर्नुपर्नेमा सोअनुसार भए गरेको पाइएन । श्रम ऐन, २०४८ को दफा ५३(१) ले त्यस्तो स्पष्टीकरण पेश गर्न कम्तीमा ७ दिनको म्याद दिनुपर्नेमा निवेदक प्रतिष्ठानले १२ फेब्रुअरी २००९ मा सोधेको भनिएको स्पष्टीकरण पत्रमा तीन दिनको म्याद दिएको तथा ९ फेब्रुअरी २००९ को पत्रमा केवल २४ घण्टाको मात्र म्याद दिएको देखियो । उल्लिखित स्पष्टीकरण पत्रहरू

विपक्षी डा. धनञ्जय यादवलाई बुझाएको कुनै भरपाई वा निस्सा मिसिल संलग्न रहे भएको समेत नदेखिएको स्थितिमा विपक्षी डा.धनञ्जय यादवलाई सेवाबाट हटाउने सम्बन्धमा निर्णय गर्नु पूर्व निवेदक प्रतिष्ठानले सुनुवाइको मौका समेत प्रदान नगरी निज विपक्षी डा. धनञ्जय यादवलाई दिएको अवकाश प्राकृतिक न्यायको सिद्धान्तविपरीत देखिनुका साथै सम्बद्ध कानुनअनुसारको कार्यविधि समेतको परिपालनमा समेत त्रुटि गरेको देखिँदा विपक्षी प्रतिष्ठानले विपक्षीलाई दिएको सो अवकाश बदर गर्ने गरेको श्रम अदालतको मिति २०६६।२।२२ को फैसलालाई अन्यथा भन्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
हरिराज कार्की
कम्प्युटरः निर्मला अधिकारी
इति संवत् २०६८ साल भदौ २० गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६७-CR-०३९७, कर्तव्य ज्यान, *राजकुमार थिङ समेत वि. नेपाल सरकार*

घटनाक्रमको सिलसिला र स्वरूप हेर्दा यी प्रतिवादी राजकुमार थिङले मृतक लीला वाइवा तामाङलाई मार्ने मनसाय राखी डोरी लिई मृतकको कोठामा गई घाँटीमा डोरीले बाँधी दाव समेतले प्रहार गरी साइकलमा राखी नारायणी नदीमा फालेको कुरा उल्लिखित तथ्यहरूबाट देखिन आएकोले प्रस्तुत मुद्दामा अपराध हुन आवश्यक मानिने तत्त्वहरू आपराधिक मनसाय (Means Rea) र आपराधिक कार्य (Actus Reus) दुबै विद्यमान रहेको देखिने ।

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. मा जुनसुकै कुरा गरिकन पनि ज्यान मार्नमा वचन दिनेलाई जन्मकैद गर्नुपर्छ भनी स्पष्टरूपमा उल्लेख गरेको हुँदा यी प्रतिवादी शर्मिला वाइवाले मृतक लीला वाइवालाई ज्यान मार्नका लागि अर्का प्रतिवादी राजकुमार थिङ तामाङलाई बचन दिएको कुरा मिसिल संलग्न प्रमाण कागजबाट पुष्टि भइरहेको अवस्थामा निजलाई अभियोग दावीबमोजिम कसूरदार ठहर हुने हुँदा प्रतिवादी राजकुमार थिङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसूर गरेको ठहऱ्याई सोही महको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र अर्का प्रतिवादी शर्मिला वाइवालाई ज्यानसम्बन्धी महलको १ र १३(४) नं. को कसूरमा सोही महलको १३(४) नं. बमोजिम जन्मकैद हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
कम्प्युटरः मञ्जिता ढुंगाना
इति संवत् २०६८ साल चैत ८ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६५ सालको रिट नं. ०४७९, उत्प्रेषणयुक्त परमादेश, *छेवाङ कसोङ शेर्पाको अ.वा. आङ शेर्पा वि. पेम्बा छेवाङ शेर्पा समेत*

मुलुकी ऐन, दण्ड सजायको ६१ नं. को व्यवस्था हेर्दा फैसला कार्यान्वयनको सिलसिलामा तहसीलदार कर्मचारीले गरेको कामकारवाहीमा चित्त नबुझ्ने सरोकारवाला व्यक्तिले सोही अड्डाका हाकिम छेउ १५ दिनभित्र उजूर गर्न पर्ने गरी उजूर गर्ने म्याद सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था गरेको छ । मिति २०६३।१२।२५ को चलन मुचुल्का बदरको लागि कानूनबमोजिम कुनै मार्ग अवलम्बन गरेको देखिँदैन । एकैपटक रिट निवेदकले मिति २०६४।१।३१ को चलन पूर्जीउपर मिति २०६४।२।२३ मा मात्र जिल्ला न्यायाधीशसमक्ष उजूर गरेको देखिएबाट निवेदकको सो निवेदन दण्ड सजायको ६१ नं. बमोजिमको म्यादभित्र परेको मान्न मिल्ने नदेखिएको स्थितिमा उल्लिखित कानूनले तोकेको म्याद नघाई परेको निवेदनको आधारमा कारवाही अगाडि बढाई निवेदक स्वयंले बदरको लागि माग समेत नगरेको मिति २०६४।१।२१ को तहसीलदारको तामेली आदेश र मिति २०६३।१२।२५ को चलन चलाएको डोर मुचुल्काको कामकारवाही समेत बदर गर्न मिल्ने अवस्था समेत नदेखिने ।

इजलास अधिकृतः हरिराज कार्की
कम्प्युटरः निर्मला अधिकारी
इति संवत् २०६८ साल भदौ १८ गते रोज १ शुभम् ।

**इजलास नं. २**

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री कल्याण श्रेष्ठ,** २०६७-WO-०७४७, उत्प्रेषण परमादेश समेत, *प्रेमकाजी श्रेष्ठ वि. महानगरीय प्रहरी परिसर हनुमानढोका समेत*

सम्पत्तिसम्बन्धी लेनदेनको विवादमा कागज गराउने धरपकड गर्ने अधिकार कुनै कानूनले विपक्षी प्रहरी कार्यालयलाई प्रदान नगरेको र महानगरीय प्रहरी परिसरले निवेदकउपर यस्तो कार्य नगरेको भन्ने समेत उल्लेख गरेको देखिँदा माग दावीअनुसार निवेदकको संविधानप्रदत्त मौलिक हक तथा प्रचलित अन्य कुनै कानूनद्वारा प्रदत्त कानूनी हकमा विपक्षीहरूबाट आघात पुर्‍याएको भनी अनुमान गर्न नमिल्ने ।

पछि त्यस्तो कुनै कागजको अस्तित्व देखिए स्वतः प्रमाण शून्य हुने भएको तथा त्यस्तो कुनै कागजको आधारमा र प्रहरीले कुनै बखत गैरकानूनी रूपमा पक्राउ गर्नेलगायत निवेदकको संविधानप्रदत्त हकमा आघात पुर्‍याएमा यी निवेदक त्यस बखत पनि अदालतमा उपचारका लागि आउन सक्ने संवैधानिक एवं कानूनी हक अधिकार निवेदकमा सुरक्षित नै रहेको तथा विपक्षीहरूले निवेदकबाट गैरकानूनी कागज गराएको आधारमा धरपकड गरेको समेत अवस्था नहुँदा निवेदन दावीबमोजिमको आदेश जारी गर्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः दयाराम ढकाल
कम्प्युटरः कल्पना बर्तौला
इति संवत् २०६९ साल असार २१ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री कल्याण श्रेष्ठ,** २०६७-WO-०९८८, उत्प्रेषणयुक्त परमादेश, *नेत्रबहादुर सुनार समेत वि. विष्णु कुमाल*

उत्प्रेषणको रिटको अवधारणाअनुसार सरकारी वा सार्वजनिक निकाय वा यसका कुनै अधिकारीबाट कुनै व्यक्तिको संविधान एवं कानूनप्रदत्त हकमा असर पर्ने गैरकानूनी निर्णय वा कार्य गरेमा तथा सोबाट संवैधानिक हकमा असर परेको देखिएमा तथा सो सम्बन्धमा अन्य उपचारको मार्ग नभएमा वा भए पनि प्रभावकारी नभएमा त्यस्तो गैरकानूनी कामकारवाही एवं निर्णय बदर गर्न उत्प्रेषणको आदेश जारी हुन सक्ने ।

विपक्षीहरूको लिखित जवाफबाट निवेदकलाई धरपकड र लेनदेनको विषयमा कागज गराएको छैन भनी उल्लेख भएको अवस्थामा पछि त्यस्तो कुनै कागजको अस्तित्व देखिए स्वतः प्रभाव शून्य हुने अवस्था भएको तथा त्यस्तो कुनै कागजको आधारमा र प्रहरीले कुनै बखत गैरकानूनी रूपमा पक्राउ गर्ने लगायत निवेदकको संविधानप्रदत्त हकमा आघात पुर्‍याएमा यी निवेदक त्यस बखत पनि अदालतमा उपचारका लागि आउन सक्ने संवैधानिक एवं कानूनी हक अधिकार निवेदकसँग सुरक्षित नै रहेको तथा विपक्षीहरूको निवेदकबाट गैरकानूनी कागज गराएको आाधारमा धरपकड समेत गरेको अवस्था नहुँदा निवेदन दावीबमोजिमको आदेश जारी गर्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः दयाराम ढकाल
कम्प्युटरः कल्पना बर्तौला
इति संवत् २०६९ साल असार २१ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६८-RC-००५४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. चन्द्रकृष्ण श्रेष्ठ*

प्रतिवादीले आवेश वा उत्तेजनामा आई होस् गुमाई अपराध गरेको नदेखिएको, निजले रातको समयमा आफूसँगै सुतेकी आफ्नै पत्नीलाई निदाएको मौका पारी मोबाइलमा प्रयोग गर्ने डोरी र हात समेतले घाँटी कसी मारेको देखिएको र मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा बयान गर्दा समेत पत्नीले माइत गई बस्छु भनेको कारण हत्या गरेको भनी उल्लेख गरेको समेतबाट आफ्नी पत्नीलाई सुती निदाएको मौका पारी पूर्व निर्धारित योजनाअनुसार मनसाय प्रेरित अपराध गरेको देखिने ।

कसूरमा सावित भए पनि चित्तले भवितव्य हो कि भन्ने शंकाले वा अपराध गरेको अवस्था विचार गर्दा कसूरदारलाई ऐनबमोजिम सजाय गर्दा चर्को पर्ने देखेका कम सजाय गर्नुपर्ने देखिन्छ । यस सम्बन्धमा *नेकाप* २०६१, अङ्क ६, नि.नं. ७३९९, पृष्ठ ७६९ मा अ.बं. १८८ नं बमोजिम सजाय घटाउन र दण्ड निर्धारण गर्नुपर्दा मार्नेसम्मको मनसाय राखी अपराध गरे नगरेको क्रूरतापूर्वक अपराध गरे नगरेको, जोखिम हतियार प्रयोग गरी अपराध गरे नगरेको समेत विचार गर्नुपर्छ भनी सिद्धान्त प्रतिपादन भइरहेको र प्रस्तुत मुद्दामा अ.बं. १८८ नं. मा भएको व्यवस्था तथा उपरोक्त नजीरमा उल्लिखित अवस्था समेत नदेखिएको हुँदा निजलाई पन्ध्र वर्ष मात्र कैद सजाय गर्न व्यक्त गरेको राय उपरोक्त आधार र कारण समेतबाट मनासिब एवं कानूनसंगत् नदेखिँदा चन्द्रकृष्ण श्रेष्ठलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०६९ साल असार ८ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६८-RC-००५५, कर्तव्य ज्यान, *नेपाल सरकार वि.सुकराम भन्ने ज्ञानबहादुर तामाङ*

मृतक डिलबहादुर र ठूलीमाया तामाङलाई यी प्रतिवादी ज्ञानबहादुर तामाङले फलामको बञ्चरो र कोदालाको बिँडले टाउकोमा हानी रगताम्य भई उपचार हुँदाहुँदै मृत्यु भएको हो भनी सुनिता तामाङ, कमला तामाङ र रेशम तामाङले पोल गरी लेखाई दिएको देखिन्छ । जाहेरवाला कैलाश तामाङले सोही व्यहोराको किटानी जाहेरी दिएको देखिँदा अभियोग दावीबमोजिम प्रतिवादीले कसूर गरेको प्रमाणित भई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिमको कसूरमा ऐ. ऐनको १३(१) नं बमोजिम प्रतिवादी सुकराम भन्ने ज्ञानबहादुर तामाङलाई सर्वस्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

इति संवत् २०६९ साल असार ८ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६८-RC-००७७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. ताराकुमारी राई*

मृतक र प्रतिवादीबीच झगडा भई पहिले मृतकले प्रतिवादीलाई खुकुरी प्रहार गरी सोही खुकुरी खोसी प्रतिवादीले मृतकलाई प्रहार गरेको कारण उपचार गराउँदा गराउँदै मृतकको मृत्यु भएको भनी किटानी जाहेरी परेको छ । उक्त भनाई अदालतमा समेत समर्थन गरी जाहेरवाला शुक्रबहादुरले बकी लेखाई दिएको देखिन्छ । प्रतिवादीले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा मृतकसँग वादविवाद हुँदा मृतकले मलाई खुकुरी प्रहार गऱ्यो र मैले पनि सोही खुकुरी खोसी प्रहार गर्दा निधारमा लागेको हो भनी आरोपित कसूर गरेमा सावित भई बयान गरेको छ । निजले अदालतसमक्ष गरेको बयानमा मृतकसँग वादविवाद भई झगडा भएको र मृतक रहलमानले खुकुरी प्रहार गरी ज्यान मार्न लागेपछि मैले पनि बक्सिङ हानेको हो भनी खुकुरीले हानेको सम्म इन्कार रहे पनि सो इन्कारी अन्य स्वतन्त्र प्रमाणबाट समर्थन हुन सकेको छैन । मौकामा घटनास्थलबाट रगत लागेको खुकुरी बरामद भएको छ । मृतकको टाउकोमा धारिलो हतियारले प्रहार गरेको घाउ चोट लागेको देखिएको समेतबाट यी प्रतिवादीले यी खुकुरी प्रहार गरेको होइन भन्ने समेत बयान जिकीर पत्यारलायक नदेखिँदा प्रतिवादी ताराकुमारी राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०६९ साल असार ८ गते रोज ६ शुभम् ।

६

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६८-RC-००७८, कर्तव्य ज्यान, *नेपाल सरकार वि.सञ्चबहादुर इजम (लिम्बू)*

मृतकको लास जाँच विवरणमा मृतकको टाउको फुटी गिदी निस्किएको भन्ने र लास जाँच

प्रतिवेदनमा टाउकोमा लागेको चोटको कारण मृत्यु भएको भनी उल्लेख भएको र लास रहेको ठाउँदेखि नजिकै २२ मीटर पश्चिम रगत लागेको मुसल फेला परेको देखिन्छ। त्यस्तै सो रगत लागेको मुसल प्रतिवादीले आफ्नो भन्ने कुरा निजको अदालतमा भएको बयानमा समेत स्वीकार गरेको छ। वारदात भएको रात मृतक र प्रतिवादी, प्रतिवादीकै घरमा गफ गरी बसेको र मृतक प्रतिवादीको घरबाट आफ्नो घरतर्फ गएपछि बाटैमा प्रतिवादीको घरको मुसल प्रहारबाट निजको मृत्यु भएको देखिएको र मृतकको घरको बाकस समेत तोडफोड भई निजको रूपैयाँ समेत हराएको भन्ने मिसिलबाट देखिएको हुँदा उक्त अपराधजन्य कार्य यी प्रतिवादीबाट भएको भन्ने कुरा परिस्थितिजन्य प्रमाणबाट शृङ्खलावद्ध रूपमा पुष्टि हुन आएको देखिन्छ। त्यस्तै घटनास्थल नजिक फेला परेको रगत लागेको भेष्ट प्रतिवादीले लगाउने निजकै हो भनी त्रिभुवन इजम, वीरबहादुर इजम, भरत इजम, कालीबहादुर इजम समेतले मौकामा कागज गरी अदालतसमक्ष सो कुरा समर्थन गर्दै बकपत्र समेत गरेको पाइन्छ। साथै उक्त भेष्टमा लागेको रगत मानव रगत हो भन्ने कुरा परीक्षण प्रतिवेदनबाट देखिँदा प्रतिवादी सञ्चयबहादुर इजम लिम्बूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्युटरः कल्पना बर्तौला
इति संवत् २०६९ साल असार ८ गते रोज ६ शुभम्।

७

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६८-RC-००८०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. लक्ष्मीकुमारी दर्लामी*

प्रतिवादी लक्ष्मीकुमारी दर्लामीले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष बयान कागज गर्दा आफूले बच्चा जन्मनासाथ बोरामा राखी मुख बन्द गरी बाखाको खोरमा फालेको हुँ भनी कसूर अपराध गरेको स्वीकार गरी अदालतमा बयान गर्दा समेत बच्चा जन्मेको कुरासम्म स्वीकार गरी मृत अवस्थामा जन्मेको बच्चा फालेको हुँ भनी बयान गरेको देखिन्छ। निजले बच्चा जन्माएको तथ्य प्रतिवादीको शरीर परीक्षण गर्दा परीक्षण हुनुभन्दा ७-१४ दिन पहिले सुत्केरी भएको भन्ने जिल्ला स्वास्थ्य कार्यालय, गुल्मीको मिति २०६५।१२।१९ मा लेखेको पत्र समेतबाट थप समर्थन भएको देखिन्छ। त्यस्तै प्रतिवेदक राजेशकुमार अधिकारी समेतले मौकामा प्रतिवेदनमा उल्लेख गरेको कुरालाई अदालतमा बकपत्र गर्दा समेत समर्थन गरी बकपत्र गरेको देखिँदा प्रतिवादी लक्ष्मीकुमारी दर्लामीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.को कसूर गरेको देखिएको साथै निजको उमेर ३९ वर्षको देखिएको, पति लामो समयदेखि विदेशमा बस्ने गरेको र एक्ली महिला मात्र घरमा भएको अवस्थामा देवरसँग यौन सम्पर्क भई गर्भधारण हुन गई बच्चा जन्माएको देखिन्छ। यसरी जन्माएको बच्चालाई लोकलाजबाट बच्न मारी फालेको अवस्था देखिँदा निजलाई कसूरअनुसार सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्ने हुँदा ४ (चार) वर्ष मात्र कैद हुने।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्युटरः कल्पना बर्तौला
इति संवत् २०६९ साल असार ८ गते रोज ६ शुभम्।

८

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री भरतराज उप्रेती,** २०६८-RC-००९१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. युद्ध वन*

लास जाँच प्रतिवेदनमा मृत्युको कारणबारे उल्लेख गर्दै "Overall postmortom examination is suggestive of death due to hypovolemia due to haemorrhage" भनी उल्लेख गरेको छ। प्रतिवादीले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा बयान गर्दा समेत मन्दिरमा किन रक्सी खाएर आएको भनी मृतकले चर्को स्वरमा कराएकोले रिस उठी बञ्चरोले प्रहार गरी मारेको हो भनी अपराध गरेमा सावित भई बयान गरेको छ। मौकामा प्रहरीमा कागज गर्ने देउप्रसाद न्यौपाने, खेमराज भण्डारी समेतले मन्दिरमा सँगै बस्ने गरेका अपरिचित व्यक्तिले पैसाको लोभमा मारेको हो भनी लेखाइ

दिएको छ । वस्तुस्थिति मुचुल्कामा बस्ने नरहरि भण्डारी, बाबुराम भण्डारी, कृष्णप्रसाद भण्डारी, बेदप्रसाद भण्डारी समेतले मृतकलाई यिनै प्रतिवादीले मारको हो भनी लेखाई दिएको छ । मौकामा कागज गर्ने उपरोक्त व्यक्तिहरू र जाहेरवाला समेतले अदालतमा उपस्थित भई बकपत्र गर्दा समेत मौकाको कागजलाई समर्थन गर्दै बकपत्र गरेको देखिँदा प्रतिवादीले मौकामा अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष भएको बयान, मौकामा कागज गर्ने व्यक्तिहरूको बकपत्र, लासजाँच प्रकृति मुचुल्कामा उल्लिखित विवरण, लास जाँच रिपोर्टलगायतका आधार, कारण र प्रमाण समेतबाट यी प्रतिवादीले मृतकलाई बञ्चरो प्रहार गरी मारेको कुरा निर्विवाद रूपमा पुष्टि एवं प्रमाणित हुन आएकोले निज प्रतिवादीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०६९ साल असार ८ गते रोज ६ शुभम् ।

९

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६-CR-०१३८, भ्रष्टाचार, *महेन्द्रकुमार जोशी वि. नेपाल सरकार*

प्रतिवादीले विशेष अदालत काठमाडौंमा बयान गर्दा आफूले सन् १९८६ सालमा एस.पि.आई. इन्टरकलेज सोन्दी लक्ष्मीपुर गोरखपुरबाट इन्टरमिडियट परीक्षा द्वितीय श्रेणीमा उत्तीर्ण गरेको व्यहोरा उक्त शैक्षिक संस्थाले उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमी, भक्तपुरलाई लेखेको पत्रबाट स्पष्ट हुने हुँदा उक्त पत्रलाई प्रमाणमा ग्रहण गरिपाऊँ भनी सो पत्रको प्रतिलिपि समेत पेश गरेको देखिन्छ । तर मिसिल संलग्न माध्यमिक शिक्षा परिषद् क्षेत्रीय कार्यालय, वाराणसीको मिति १०।५।२००७ को पत्रमा प्रतिवादी महेन्द्रकुमार जोशीको "परीक्षाफल फेल है" भनी उल्लेख भई आएकोमा प्रतिवादीले बयानसाथ पेश गरेको उक्त शैक्षिक संस्थाको पत्रमा "१९८६ सालमा महेन्द्रकुमार जोशी द्वितीय श्रेणीमा उत्तीर्ण किया है" भनी परस्पर विरोधी कुरा उल्लेख भएको देखिँदा उक्त दुईमध्ये कुन आधिकारिक पत्र हो, भनी जो जे बुझ्नुपर्छ बुझी यकीन जवाफ पठाईदिन विशेष अदालतबाट भएको आदेशबमोजिम उक्त अदालतको च.नं. ८९४ मिति २०६५।९।१४ को पत्रद्वारा उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमी भक्तपुरमा सोधी पठाएकोमा ततेसम्बन्धमा छानबीन हुँदा "क्रम ०४ परीक्षा, इन्टरमिडियट, वर्ष १९८६ अनुक्रमाङ्क ६५३७०८ परीक्षार्थी नाम महेन्द्रकुमार नाकी महेन्द्रकुमार जोशी पिताका नामः मनिकलाल, प्राप्ताङ्कः १२२।५०० परीक्षाफल फेल भनी उल्लेख गरी प्रमाणपत्र प्रमाणीकरण भई आएको भनी उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमी भक्तपुरको मिति २०६५।११।११ को पत्रबाट उल्लेख भई आएको देखिएको छ । पुनरावेदकले प्राप्त गरेको र पेश गरेको उक्त प्रमाणपत्र जारी गर्ने माध्यमिक शिक्षा परिषद् वाराणसीले नै निज परीक्षामा फेल भएको भनी जवाफ दिएको देखिँदा निजले आफू उत्तीर्ण गरेको भनी पेश गरेको प्रमाणपत्र झूट्टा एवं नक्कली रहेको स्पष्ट देखिँदा प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०१७ एवं भ्रष्टाचार निवारण ऐन, २०५९ समेतको कानूनी व्यवस्थाबमोजिम यी पुनरावेदकलाई अभियोग दावीबमोजिम कसूर ठहर हुने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल फागुन ३० गते रोज ३ शुभम् ।

१०

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६८-RC-०१०२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. तिलकराम धोवी*

प्रतिवादी तिलकराम धोवी अधिकारप्राप्त अधिकारीसमक्ष कसूर गरेमा सावित रहेको र अदालतमा उपस्थित भई बयान गर्दा भिखु थारूले आफ्नी छोरी अकाली थरूनीलाई भगाई लगेको, मेरो छोरा रामु धोवी र म चन्द्रौटा बजार गएको बेला छोरीलाई देखी पोइल गएकी घरमा हिँड भन्दा जे भन्यौ अब कुरा नगर अन्यथा तिमीलाई मराई दिन्छु, या मलाई मार भनेकीले बसबाट बहादुरगञ्ज चौराहामा उत्री उतारी घरतर्फ

आइरहेको अवस्थामा एकान्त ठाउँमा पुगेपछि पर्ख भनी छोरीलाई भन्दा छोरीले टाउकोमा ओढेको धोती बिच्छ्याई भूईंमा सुती ल मार भनेकी र मैले रिसमा आई कोदालोले छोरीको गर्दनमा हिर्काएको थिए । तीन चार पटक हानेपछि टाउको छुट्टिएकोले डर लागी छेउमै खनी टाउको राखी पुरी दिई लास छोडी भागी गएको हुँ भनी आरोपित कसूरमा सावित रहेको देखिँदा प्रतिवादीलाई अभियोग माग दावीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः दयाराम ढकाल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६९ साल असार २२ गते रोज ६ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६४-CR-०६४९, ०८१४, ०६५-CR-०१९५, ठगी, *वैद्यनाथ चौधरी वि. नेपाल सरकार, हरिबहादुर खड्का वि. नेपाल सरकार, गणेशबहादुर थापामगर वि.नेपाल सरकार*

कुनै कार्यलाई एकभन्दा बढी कानूनद्वारा अपराधिकरण गरिएको स्थिति छ भने कुन कानूनबमोजिमको अभियोग लगाउने भन्ने कुरा अभियोजनाकर्ताको स्वतन्त्रताअन्तर्गतको विषय हो । जाल परिपञ्च गरी आफ्नो हक नपुग्ने कीर्ते कागज बनाई दिई पेश गरी बैंकलाई झुक्याई, धोका दिई गफलतमा पारी सामुदायिक वन उपभोक्ता समूहलाई हानि नोक्सानी पुऱ्याई रकमको भुक्तानी प्राप्त गरे गराएको भन्ने अभियोग दावी भएको स्थितिमा आरोपित कसूर ठगीको १ नं. को दायराभन्दा बाहिर छ भन्न नमिल्ने ।

चेकबुक जस्तो संवेदनशील कागजात सहमति बिना प्रतिवादी गणेशबहादुरले प्राप्त गरी कीर्ते चेक तयार गरी बैंकबाट सो रकम झिकेको होला भनी विश्वास गर्न नमिल्ने ।

मौकाको बयानलाई अन्य परिस्थितिजन्य कुराहरूले पुष्टि गरिराखेको अवस्थामा प्रतिवादीहरूले अदालतमा इन्कारी बयान गरेकै आधारमा सो इन्कारी बयान प्रमाणित नहुञ्जेल मौकाको सावित्ती बयान प्रमाणग्राह्य नै हुने हुँदा सो मौकाको बयान प्रमाणमा लिन मिल्दैन भन्ने तर्कसँग सहमत हुन नसकिने ।

सामान्य मानिसले कुनै यन्त्रको सहयोग नलिई खाली आँखाबाट नै सजिलै पहिचान गर्न सकिने भिन्नतातर्फ वास्तै नगरी भूलवस मात्र वैद्यनाथ चौधरीले चेक भुक्तानीको लागि सही मिले भिडेको भनी अनुमति दिएको होलान् भनी अनुमान गर्न मिल्दैन । एक पटक मात्र नभै पटक-पटक मिति २०५९।३।१० र ऐ. १६ गते भएको भुक्तानीमा झुक्किएर त्यसो भएको होला भनी अनुमान गर्नु स्वाभाविक नहुने ।

मौकाको सावित्ती बयान, बरामदी मुचुल्का, विशेषज्ञबाट भएको परीक्षण प्रतिवेदन समेतका आधार र कारणबाट यी तीनै जना प्रतिवादीहरूले ठगीको १ नं. को कसूर गरेको पुष्टि भएकोले निजहरूलाई जनही छ महिना कैद, बिगोबमोजिम दामासाहीले जरीवाना हुने र ठगीको बिगो निजहरूबाट मैनावती वन उपभोक्ता समूह सिन्धुलीले भराइ पाउने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६९ साल बैशाख ४ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** पुनरावेदन नं. ०६४-CI-०१९५, लिखत बदर दर्ता बदर दर्ता, *गोविन्दप्रसाद चौधरी समेत वि. विनोदकुमार चौधरी*

प्रस्तुत मुद्दाको फिराद लेनदेन व्यवहारको १० नं. समेत बमोजिम परेको देखिन्छ । सो कानूनी व्यवस्थाले अंश नभएका सगोलका कुनै अंशियारले सगोलको अचल बेचबिखन गर्दा त्यसमा मञ्जूर नहुने सगोलका अन्य अंशियारलाई आफ्नो हक बदर गराई लिन उपलब्ध गराइएको कानूनी हक भएको हुँदा उल्लिखित कानूनी व्यवस्थाबमोजिम

नालिस गर्दा निर्विवाद अंशियार हुनुपर्ने सो कानूनको पहिलो शर्त हो । परन्तु मिसिलबाट देखिएको अन्तरवस्तुलाई हेर्दा हाल प्रत्यथी वादी प्रतिवादीका सगोलका अंश नछुट्टिएका अंशियार हुन् भन्ने तथ्य निर्विवाद स्थापित भैनसकेको समेतका आधार कारणहरूबाट वादीको दावी नपुग्ने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल फागुन १६ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री भरतराज उप्रेती,** ०६६-WO-१०३३, उत्प्रेषणयुक्त परमादेश, *मोरङ्ग विराटनगर उ.म.न.पा. वडा नं. ६ मा कार्यालय रहेको सन्देश दैनिक पत्रिकाका सम्पादक तथा प्रकाशक अख्तियारप्राप्त पुष्पराज गड्तौला वि. प्रेस काउन्सिल, नेपाल सञ्चार ग्राम तिलगङ्गा काठमाडौं समेत*

कानूनले स्थापित गरेको मापदण्डको अधिनमा रही हरेक पत्रिकाले प्रेसको सिद्धान्त र भावनाबमोजिम कानूनले तोकेको प्रक्रिया र मापदण्डलाई शीरोधार्य गरी नियमित र स्तरीय प्रकाशनलाई निरन्तरता दिनु वाञ्छनीय हुन आउँछ । प्रेस काउन्सिल ऐन, २०४८ तथा प्रेस काउन्सिल (कार्य व्यवस्था) नियमावली, २०४९ को अधीनमा रही कानूनबमोजिम तोकिएको त्यस्तो प्रक्रिया र मापदण्डको पालना गर्नु समेत सम्बन्धित पत्रिकाको कर्तव्य हुन आउँछ । स्थापित मूल्याङ्कनसम्बन्धी संयन्त्र र मापदण्डको आधारमा पत्रिकाहरूको वर्गीकरण हुनु नै वस्तुनिष्ठ हुने हुन्छ । यस्तोमा स्थापित मूल्याङ्कनसम्बन्धी संयन्त्र र तोकिएको मापदण्डको आधारमा गरिएका मूल्याङ्कनलाई अन्यथा भन्न नसकिने हुँदा वितरण सम्परीक्षण समितिको वर्गीकरणमा नपार्ने गरी गरेको निर्णयमा लिइएका मूल्याङ्कनको आधार गैरकानूनी देखिन नआएको यस्तो अवस्थामा निवेदकको मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६९ साल जेठ ८ गते रोज २ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०६६-WO-०९३१, उत्प्रेषणयुक्त परमादेश, *मोरङ्ग विराटनगर उ.म.न.पा. वडा नं. १३ मा कार्यालय रहेको जनआवाज साप्ताहिकका अख्तियारप्राप्त सम्पादक केशबहादुर कार्की वि. प्रेस काउन्सिल, नेपाल सञ्चार ग्राम तिलगङ्गा काठमाडौं समेत*
- ०६६-WO-१०३२, उत्प्रेषणयुक्त परमादेश, *मोरङ्ग विराटनगर उ.म.न.पा. वडा नं. ६ मा कार्यालय रहेको पुष्पाञ्जली प्रकाशन प्रा.लि. बाट प्रकाशित साप्ताहिकका अख्तियारप्राप्त सम्पादक पुष्पराज गड्तौला वि. प्रेस काउन्सिल, नेपाल सञ्चार ग्राम तिलगङ्गा काठमाडौं समेत*

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** पुनरावेदन नं. ०६७-CI-०३४७, अंश, *श्यामलाल कुर्मी समेत वि. चिनकान कुर्मी समेत*

वादी र प्रतिवादी समान पुस्ताका अंशियार भन्ने नदेखिई प्रतिवादीहरू दोस्रो पुस्ताका अंशियार भएको देखिन आउँछ । अंशहक पैतृक सम्पत्तिको अंशियारहरूबीच कानूनबमोजिम समानुपातिक वितरणको अवधारणा भएकोले दोस्रो पुस्ताको व्यक्तिहरूसँग अंश हकको दावी गर्दा अंश पाउनु पर्ने पैतृक सम्पत्ति दोस्रो पुस्तामा सरेर आएको भन्ने देखिनुपर्ने नै हुन्छ । त्यसरी सम्पत्ति आएको भन्ने पुष्टि नभएको अवस्थामा दोस्रो पुस्ताका व्यक्तिको नाममा अचल सम्पत्ति देखिएकै भरमा त्यो अघिल्लो पुस्ताका अंशियारको पनि बण्डा लाग्ने पैतृक सम्पत्ति हो भनी प्रमाण ऐन, २०३१ को दफा ६(क) बमोजिम अनुमान गर्न नमिल्ने ।

प्रतिवादीहरूसँग नामसारी भै आएको पैतृक सम्पत्ति रहेको मिसिल प्रमाणबाट देखिँदैन । अंशबण्डा गर्नुपर्ने पैतृक सम्पत्ति नभएको अवस्थामा अंशबण्डाको लिखत खडा गर्ने प्रयोजन नै नहुने भएकोले अंश छुट्टिएको वा मानो छुट्टिएको लिखत प्रमाणको खोजी गर्नुको औचित्य रहँदैन । यस्तो

अवस्थामा कुनै अंशियार अन्यत्र कतै गई आफ्नो श्रम तथा मेहनतले घरजम गरी बस्न सक्ने हुँदा अन्यथा प्रमाणित भएमा बाहेक त्यस्तो अंशियारलाई सगोलमै बसेको भनी अर्थ गर्न मिल्ने पनि हुँदैन। प्रतिवादी बाबुलाल कुर्मीले तायदाती फाँटवारीमा देखाएको कि.नं. ३१४ र कि.नं. १२०, १२२ को जग्गाहरू क्रमशः मिति २०४७।५।२४ र २०५०।३।३१ को राजीनामाको लिखतबाट रामअचल कुर्मी तथा सूर्यमति अहिरबाट खरीद गरी लिएको देखिन्छ। अलग्गै बसी आर्जन गरेको त्यस्तो सम्पत्ति अंशबण्डाको महलको १८ नं. बमोजिम निजी आर्जनको भै त्यस्तो सम्पत्तिमा आर्जन गर्नेले अन्य अंशियारलाई बण्डा गर्न नचाहेमा बण्डा गर्ने कानूनतः नमिल्ने नै हुन्छ। उल्लिखित परिस्थितिलाई दृष्टिगत गर्दा प्रत्यर्थी प्रतिवादीसँग वादीहरूको समेत अंश हक लाग्ने पैतृक सम्पत्ति रहे भएको भन्ने मिसिलबाट देखिन नआएको अवस्थामा प्रतिवादीहरूबाट अंश पाऊँ भन्ने दावी नपुग्ने।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल फागुन १७ गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** पुनरावेदन नं. ०६६-CI-१२५६, अंश नामसारी चलन, *चन्द्रजङ्ग बुढाथोकी वि. फत्तेजङ्ग बुढाथोकी*

न्याय प्रशासन ऐन, २०४८ को दफा १४ (१)(ग)ले इन्साफ गर्नुपर्ने प्रश्नहरूसँग सम्बद्ध प्रमाणहरू तल्लो अदालत, निकाय वा अधिकारीले बुझ्न छुटाएको रहेछ भने आफैंले बुझ्ने वा मुद्दाको लगत कायमै राखी ती प्रमाणहरू बुझ्नको लागि मिसिल तल्लो अदालत, निकाय वा पदाधिकारीकहाँ पठाउन सक्ने गरी प्रमाण दुबै विकल्पहरू पुनरावेदन अदालतलाई प्रदान गरेको देखिन्छ। दुबै विकल्पहरू प्रयोग गर्न सक्ने कानूनले अधिकार दिएको भए पनि मुद्दाको गम्भीरता, पक्षहरूको उमेर र अवस्था कार्यविधिगत कुराहरू पूरा गरी मुद्दा छिन्न लाग्ने समयावधि लगायतका कुराहरूलाई विचार गर्नुपर्ने हुन्छ। उल्लिखित विषयवस्तुलाई दृष्टिगत गर्दा शुरू तहबाटै किनारा हुन उपयुक्त छ भन्ने लागेमा मात्र मुद्दाको मिसिल शुरू अदालतमा पठाउन उपयुक्त हुने भएकोले मुद्दाका पक्षलाई अनावश्यक हैरानी तथा कारवाहीमा विलम्ब हुने गरी पुनः इन्साफ गर्न मुद्दाको मिसिल शुरू अदालतमा पठाउन उपयुक्त नहुने।

कार्यविधि र प्रक्रियागत त्रुटिलाई न्याय प्रशासन ऐन, २०४८ को दफा १४(१) (ग) बमोजिम पुनरावेदन अदालतबाटै पनि सच्याई इन्साफ गर्न सकिने प्रचलित कानूनले अधिकार दिएको छ। यस्तै प्रश्न समावेश भएको मुद्दामा पुनरावेदन अदालतले शुरूको फैसला बदर गरी पुनः इन्साफ गर्न शुरूमा पठाउने ठहऱ्याएकोलाई पुनरावेदन अदालतले उक्त ऐनको व्यवस्थालाई अवलम्बन गरेको भन्न नमिल्ने भनी *नेकाप* २०५७ नि.नं. ६९४२, पृष्ठ ६९९ मा सिद्धान्त प्रतिपादन भएको समेत देखिन्छ। प्रचलित कानूनी व्यवस्था तथा प्रतिपादित सिद्धान्त समेतबाट शुरूले बुझ्न छुटाएको कुराहरू आफैंले बुझी इन्साफ गर्नुपर्नेमा त्यसो नगरी पन्छाई पुनः इन्साफ गर्न शुरूमा पठाउने गरेको पुनरावेदन अदालतको फैसला प्रचलित कानून तथा प्रतिपादित सिद्धान्तअनुकूल देखिन नआउने हुँदा उक्त फैसला बदर हुने ठहर्छ। अब जे जो बुझ्नुपर्ने हो बुझी कानूनको प्रक्रिया पुऱ्याई दावीका सबै विषयमा निर्णय गर्नु भनी तारिखमा रहेका मुद्दाका पक्षहरूलाई तारिख तोकी शुरू तथा पुनरावेदन अदालतको मिसिल समेत पुनरावेदन अदालत, धनकुटामा पठाई दिने।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल फागुन १७ गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** पुनरावेदन नं. ०६७-CI-१११९, अंश चलन, *पार्वती खड्का वि. मोहनबहादुर खड्का समेत*

विवाह गरेको भन्ने प्रमाण पेश नभएको अवस्थामा अंशबण्डाको १ नं. बमोजिम अविवाहिता

छोरी पनि अंशियार हुने र त्यस्ता छोरीको पनि अंशभागतर्फ निर्णय गर्नुपर्ने ।

शुरू अदालतले मूल अंशियार मोहनबहादुर खड्का, नानीमैयाँ खड्का र अमृत खड्का र अ.बं. १३९ नं. बमोजिम बुझिएका विष्णु खड्का, जीतेन्द्र खड्का र बबिता खड्का समेतलाई ६ अंशियार कायम गरी प्रतिवादी अमृत खड्काको यी पुनरावेदक वादी पार्वती खड्का र अनुप खड्का बाहेक अर्की पत्नी यशोदा खड्का र निजतर्फका छोरा आदेश खड्का समेत रहेको देखिँदा अमृत खड्काको हाँगातर्फ पाँच अंशियार कायम गरेको अन्यथा नदेखिने ।

कि.नं. १४३ र १४४ को जग्गा इन्दु खड्का र बबिता खड्काको संयुक्त नाममा र.नं. १७२१ को मिति २०४४।९।१७ का पारीत हालैदेखिको बकसपत्रको लिखतबाट प्राप्त भएको देखिन्छ । त्यसैगरी कि.नं. १७४ को जग्गा पनि र.नं. १७२२ बाट सोही मितिमा निज इन्दु र बबिता खड्काको संयुक्त नाममा हालैदेखिको बकसपत्रको लिखतबाट प्राप्त भएको मिसिल संलग्न पारीत लिखतको प्रतिलिपिबाट देखिन्छ । इन्दु खड्का वादीहरूको अंशियार रहेको भन्ने मिसिलबाट देखिएको छैन । अंशियार नै नभएका व्यक्तिको नाममा भएको जग्गाबाट अंश पाउने अवस्था पनि छैन भने बकसपत्रको माध्यमबाट कुनै अंशियारलाई प्राप्त भएको सम्पत्तिलाई अंशबण्डाको महलको १८ नं. बमोजिम निजी आर्जनको भई त्यस्तो सम्पत्ति अंशियारहरू बीच बण्डा लगाउन कर नलाग्ने ।

इजलास अधिकृतः दीपककुमार दाहाल
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६९ साल जेठ ३ गते रोज ४ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६८-WO-००८४, उत्प्रेषण, *इन्दु सुवेदी पौडेल समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकलाई मिति किटान गरी नियुक्त गरेको नदेखिए पनि आफ्नो पदावधि दुई वर्षको भनी स्वीकार गरी रिट निवेदकले निवेदनमा उल्लेख गरेको देखिन्छ । कानूनले पदावधि नतोकेबाट अब स्थायी भएको भनी यी निवेदकले जिकीर लिनु स्वयं विवन्धित हुन पुगेको अवस्था रहन्छ । कोशी अञ्चल अस्पताल विकास समिति गठन आदेश, २०४३ को दफा ३(५) बमोजिम हटाउने भनी निर्णय गरेको र सोको सूचना राजपत्रमा प्रकाशित गरेको भनी विपक्षी स्वास्थ्य सचिवको तर्फबाट पेश भएको लिखित जवाफमा उल्लेख भएको देखिएको तथा निवेदकको जिकीरबमोजिम दुई वर्षको पदावधि व्यतीत भइसकेको देखिन्छ । अतः हाल निवेदकको निजले दावी लिएको सदस्य पदको पदावधि समाप्त भइसकेको स्थिति देखिँदा गठन आदेशमा उल्लिखित पदावधि नै समाप्त भइरहेको यस्तो स्थितिमा निवेदकको मागबमोजिमको आदेश जारी नभई निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६९ साल बैशाख १० गते रोज १ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** पुनरावेदन नं. २०६४-CR-०५२९, आयकर, *ठूला करदाता कार्यालय, हरिहर भवन, ललितपुरको तर्फबाट प्रमुख कर प्रशासक नवराज भण्डारी वि. मोरङ्ग विराटनगर उ.म.न.पा वडा नं. ३ स्थित अरिहन्न फाइवर्स लि. को सञ्चालक राजकुमार गोल्छा*

अन्तर्राष्ट्रिय वस्तु बिक्रीसम्बन्धी अन्तर्राष्ट्रिय चलन चल्तीको शब्दमा यस्तो मूल्यलाई FOB (एफ. ओ.बी.) मूल्य भनिन्छ भने उक्त बिक्री बिल वा बिक्री सम्झौता (Agreement) मा उल्लिखित मूल्यमा वस्तुको मूल्य ढुवानी भाडाको अतिरिक्त नोक्सानी बीमाको खर्च समेत समावेश गरिएको अवस्थामा CIF (सि.आई.एफ) मूल्य (Cost Insurance and Frieght) भनिन्छ । यस्तो शर्त रहेको कुरा जनाउन "CIF Delivery मा भन्ने पनि प्रचलन रहेको

देखिन्छ । FOB मूल्य वा CIF मूल्यमध्ये जुन मूल्य वस्तु बिक्रीको सम्झौता (Agreement) मा उल्लेख गरिएको भए पनि यी दुईमध्ये बीमाको रकम बिक्री मूल्यमा समावेश भएको छ वा छैन भन्ने जनाउने मात्र हो र यसले खरीदकर्ताले बुझाउन पर्ने भन्सार महसूल तथा निजले सामान बुझिलिए पछिको ढुवानी भाडा पनि वस्तु बिक्रीकर्ताले नै बुझाउन पर्ने भन्ने अर्थ गर्न नमिल्ने ।

विपक्षी करदाता उद्योगले उत्पादन गरेका वस्तु विभिन्न भारतीय फर्महरूलाई बिक्री गर्दा सो बारेमा भएका सम्झौता (Agreement) मा "Delivery मा CIF" सुनौली, जोगबनी भनी उल्लेख गरेको अवस्थामा उक्त सामानको खरीदकर्ता भारतीय फर्महरूले सुनौली वा जोगवनीमा सामान बुझ्नुपर्ने भएपछि यी फर्महरूले भारतीय भन्सारमा बुझाउनुपर्ने भन्सार शुल्क र भारतीय क्षेत्रको ढुवानी समेत विपक्षी उद्योगले भुक्तानी गरेको वा व्यहोरेको भनी यस्तो खर्चलाई मान्यता दिनु भनेको वस्तु बिक्रीसम्बन्धी उल्लिखित सम्झौता (Agreement) को delivery at CIF Sunauli or Jogbani" भन्ने व्याख्या मात्र नभई आयकर ऐन, २०५८ को दफा १३ को ठाडो उल्लंघन समेत हुन जाने ।

आगलागीमा परी नोक्सानी भएको कपडाको नोक्सानी भएको परिमाणको मूल्यसम्बन्धी विपक्षी आफैंले राखेको लेखा स्रेस्ताबाट प्रमाणित हिसाबबाट देखिने मूल्यलाई अन्यथा गरी बिक्री लगत रू. २१,१५,३६४।५३ बढी दावी गरिएकोले सो रकम करयोग्य आयमा समावेश हुने र साथै एउटै व्यवस्थापन भएको रघुपति जुट मिल्सलाई सहयोग गर्न दिइएको रू. १,००,००,०००।- को बैंक दरअनुसार हुन आउने ब्याज रू. २,९३,५३९।३९ तथा भारतीय क्षेत्रको ढुवानी भाडा र भारतमा तिरेको भन्सार रू. ४७,६९,९९७- लाई समेत करयोग्य आयमा समावेश गर्ने ठहर भएकोले उक्त रकमलाई खर्चको रूपमा मिनाहा दिने गरेको राजश्व न्यायाधिकरण विराटनगरको मिति २०६४।३।१९ को फैसला सो हदसम्म मिलेको नदेखिँदा उक्त फैसला केही उल्टी भई उल्लिखित खर्च रकमहरूलाई खर्च मान्यता नदिने गरी ठूला करदाता कार्यालयको २०६२।३।१५ को संशोधित कर निर्धारण, २०६२।३।२० को अन्तिम कर निर्धारण आदेश तथा आन्तरिक राजश्व विभागको मिति २०६२।९।७ को निर्णय कायम हुने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल भदौ ६ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** ०६९-WH-००१५, बन्दीप्रत्यक्षीकरण, *सागर थापाको हकमा लक्ष्मी थापा वि. गृह मन्त्रालय समेत*

अपराध अनुसन्धान गर्ने अधिकारप्राप्त निकायले अदालतबाट अपराध अनुसन्धान गर्नको लागि प्रचलित कानूनी व्यवस्थाअनुसार थुनामा राख्ने अनुमति लिई निजको बयान समेत लिने कार्य सम्पन्न गरेको अवस्था हुँदा त्यसलाई गैरकानूनी थुनामा रहेको वा राखिएको भन्न नमिल्ने ।

बन्दीप्रत्यक्षीकरणको रिट जारी हुन प्रचलित कानूनविपरीत कसैलाई थुनामा राखिएको देखिनु पर्दछ । प्रस्तुत रिट निवेदनमा त्यस्तो अवस्था देखिन आउँदैन । कानूनसम्मत् प्रक्रिया र कार्यविधि अवलम्बन गरी अधिकारप्राप्त निकायबाट अपराध अनुसन्धान भइरहेको कारवाहीमा हस्तक्षेप गर्ने गरी बन्दीप्रत्यक्षीकरणको रिट जारी गर्न नमिल्ने भई यी निवेदक गैरकानूनी थुनामा रहेको नदेखिँदा निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः मो.अख्तर अली

इति संवत् २०६९ साल भदौ १८ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६७ सालको CI-०९९६, ०९९७, अंश चलन, *ज्ञानी खत्री के.सी. वि. ठूली कान्छी के.सी., प्रदीपकुमार के.सी. समेत वि. ठूली कान्छी के.सी.*

कि.नं. ८९, १४९ का जग्गाहरू बण्डा लाग्ने हो, होइन भनी हेर्दा यी जग्गाहरू विपक्षीमध्येका ज्ञानी के.सी. का नाममा दर्ता स्रेस्ता कायम रहेको पाइन्छ । सो जग्गा प्राप्त गरेको स्रोत हेर्दा निजले तायदाती विवरणमा मेरो माइती मावलीबाट दाइजो पेवा प्राप्त र सोबाट बढे बढाएको रकमद्वारा खरीद गरी मेरो निजी कमाइबाट घर बनाएको भन्नेसम्म उल्लेख गरेको पाइन्छ । निजको के कस्तो कमाई थियो र माइती मावलीबाट के कति दाइजो पेवाको रकम प्राप्त भएको थियो भन्ने कुराको ठोस प्रमाणद्वारा पुष्टि गर्न सकेको पाइँदैन । निजका नामदर्तामा रहेका साविक कि.नं. ४७ को जग्गा निजले हालैदेखिको बकसपत्र लिखतबाट प्राप्त गरेकोले त्यसबाट बण्डा नलाग्ने गरी फैसला भएकै देखिन आउँछ । सो बाहेक उपरोक्त कि.नं. ८९ र १४९ पनि यो यस आधारमा मैले स्वआर्जन गरेको भनी अदालतसमक्ष कानूनसम्मत् र विश्वासलायक प्रमाण प्रस्तुत गरी स्वाआर्जन पुष्टि गर्न सकेको नदेखिँदा प्रमाण बेगर उक्त जग्गाहरू बण्डा लाग्ने ।

सगोलका अंशियारले जहाँ बसेर कमाएको भए पनि सो सम्पत्तिमा र त्यसबाट जोडिएको अन्य सम्पत्ति पनि सगोलकै हुन्छ । त्यसकारण उक्त जग्गा निज विनोद के.सी.को निजी आर्जन वा एकलौटी हकभोगको भन्न मिल्ने नदेखिँदा सगोलको जग्गामा बनेको घर सगोलको प्रयास र आर्जनबाट बनेको मान्नुपर्ने हुनाले वादीलाई बण्डा लाग्ने ।

तायदातीमा उल्लिखित ऋण को कसले कसरी लिएको हो, कसकोउपर सो ऋण तिर्ने दायित्व छ सो यकीन गर्नुपर्ने नै हुन्छ । अशियारहरूबीच मानो छुट्टिनुभन्दा अगावै बैंकबाट ऋण लिएको छ र सो ऋण चुक्ता गर्न बाँकी रहेको छ भने त्यसमा पनि बैंकले साहू भएर सो ऋण रकम असूलीको लागि मुद्दा दिने र अदालतबाट फैसला हुने समेतका कारवाहीको प्रतीक्षा गरिरहनु आवश्यक छैन । बैंकबाटै ऋण लिएको छ भने त्यसमा अन्यथा शंका गर्नु आवश्यक छैन । अंशियारहरूलाई अंशबण्डा छुट्ट्याउँदाको अवस्थामा नै बैंक ऋणको बिगो चुक्ता गर्ने दायित्वको पनि भागबण्डा गर्नु उपयुक्त र फैसला कार्यान्वयनको दृष्टिकोणले कानूनसम्मत् हुने हुँदा फैसलाअनुसार वादीलाई बण्डा छुट्ट्याउँदा जिल्ला अदालतले एभरेष्ट बैंक बुझी सो बैंकले यी वादी प्रतिवादीबीच मानो छुट्टिएको मितिभन्दा अगावै वादी प्रतिवादीले ऋण लिएको हो र सो को के कति साँवा ब्याजको रकम चुक्ता हुन बाँकी रहेको छ भने सो समेत यकीन गरी सोको पाँच भागको एक भाग दायित्व वादीको हुने गरी बण्डा छुट्ट्याउनु पर्ने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६९ साल असार २० गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या श्री तर्कराज भट्ट,** २०६५-WO-००५३, उत्प्रेषणयुक्त परमादेश, *कौशिल्लादेवी माझी वि. कित्ता नापी महाशाखा ४ नं. नापी गोश्वारा, कैलाली समेत*

विपक्षी समितिले आफ्नो अधिकारक्षेत्रभित्र पर्ने विषयका सम्बन्धमा तोकिएको प्रक्रिया पूरा गरी गरेको कामकारवाहीमा यो यस्तो कानूनी त्रुटि भएको थियो भनी प्रथम दृष्टिमा (Prima Facie) देखिने गरी स्पष्ट रूपमा उल्लेख गर्न सकेको पाइँदैन । यसका अतिरिक्त रिटको क्षेत्राधिकारबाट कुन जग्गाको कति क्षेत्रफल कता पुगेको छ वा छैन भनी विस्तृत तथ्यभित्र प्रवेश गरी प्रमाण बुझी सोको मूल्याङ्कन समेत गरी निर्णय गर्न सकिने अवस्था रहँदैन । यस्तो अवस्थामा विपक्षीहरूको कामकारवाहीबाट यी निवेदिकाको संविधानप्रदत्त सम्पत्तिको हकाधिकारमा आघात पुगेको भनी मान्न सकिने अवस्था नहुँदा मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६९ साल असार २२ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या श्री तर्कराज भट्ट,** ०६६-CR-०६९७, जातीय छुवाछुत, *नेपाल सरकार वि. टेकबहादुर विष्ट*

जातीय विभेदजन्य कार्यहरू व्यक्तिको सम्मान र प्रतिष्ठामा आँच पुऱ्याउने आपराधिक कार्य हो । यस्ता विकृति र विसंगतिका कुराहरू हुन दिनु हुँदैन । जातीय भेदभावको कुरा All human beings are born free and equal in dignity and rights भन्ने मानवअधिकारको विश्वव्यापी घोषणापत्रको पनि विपरीत हुन जान्छ । समाजमा रहेको यस्ता विभेदकारी व्यवहार र संस्कारको अन्त्य गर्नुपर्छ । यस्ता जातीय छुवाछुत र विभेदको अन्त्य गर्ने अभिप्रायले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४ मा छुवाछुत तथा जातीय भेदभाव विरूद्धको हक प्रदान गरी भेदभावपूर्ण व्यवहारलाई दण्डनीय गरिएको छ ।

अभियोग मागदावी र पुनरावेदन जिकीरबमोजिम प्रतिवादीबाट जातीय भेदभावको कामकारवाही भएको भन्ने तथ्यमा प्रतिवादी मौकामा र अदालतसमक्षको बयान समेतमा इन्कार रहेका छन् । घटनास्थल विवादस्थलमा उपस्थित रहेको भनी मौकामा कागज गर्ने वादी पक्षकै साक्षीहरू बाजी आउजी तथा भक्त मिजार समेतले त्यस्तो घटना नभएको भनी अदालतसमक्षको बकपत्रमा उल्लेख गरेको देखिन्छ । स्वयं बेहुलीको आमा शारदा आउजीले त्यस्तो वारदात भएको नदेखेको भनी मौकाको कागजमा उल्लेख भएको देखिन आउँछ । यसबाट स्वयं वादीको प्रमाणको मानिसहरूको भनाई नै एक आपसमा विरोधाभाषपूर्ण देखिन आउँछ । यसबाट अदालतको १० नं. बमोजिम जातीय विभेद र छुवाछुत जस्ता अपराधजन्य कार्य गरी अपमानजनक कामकारवाही यी प्रतिवादीबाट भएको हो भनी ठोस प्रमाणद्वारा पुष्टि हुन सकेको देखिन नआउने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः मो. अख्तर अली

इति संवत् २०६९ साल साउन २२ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६८-WO-०९८१, उत्प्रेषणयुक्त परमादेश समेत, *मधुरी भण्डारी समेत वि. शान्ति भण्डारी समेत*

शान्ति भण्डारीले आफू वादी भई चलेको मिति २०५९।३।१९ को फैसलाबमोजिम अंश प्राप्त गरिसकेको अवस्थामा पुनः मिति २०६६।१।३० को फैसलाबमोजिम अंश प्राप्त गर्नसक्ने होइन । निज शान्ति भण्डारीको हकको समेत सो अंश मुद्दामा पेश भएको तायदातीमा उल्लिखित सम्पत्ति निजका छोरीहरू वादी भई निजले अंश दिनुपर्ने कानूनी दायित्व भएको आधारमा मात्र हो । यी निवेदकलगायत अन्य अंशियारका हकमा शान्ति भण्डारी मिति २०५९।३।१९ को फैसलाबमोजिम भिन्न भइसकेको अवस्था हो । यस्तो अवस्थामा निजलाई पुनः अंशियारको रूपमा अंश छुट्ट्याउन नमिल्ने भएकोले जिल्ला अदालत र पुनरावेदन अदालतको क्रमशः मिति २०६८।९।८ र मिति २०६८।१२।२३ को आदेश कानूनअनुसारको देखिन नआउने ।

विवाह नभएको छोरी र विवाह भएकी छोरीको कानूनी हैसियत फरक-फरक हुने हुनाले विवाह सम्बन्धमा विवाद उठीसकेपछि त्यसको निरोपण गर्दै विवाह भए नभएको यकीन गरी अंश मुद्दाको फैसला कार्यान्वयन गर्नुपर्ने । वर्षा भण्डारीको विवाहको सम्बन्धमा उठेको प्रश्न निराकरणको सम्बन्धमा आवश्यक परे निजको तर्फबाट अनुमति लिई मुद्दा पुर्पक्ष गरिरहेकी दिदी आशा भण्डारी समेतमार्फत निज वर्षा भण्डारीलाई झिकाई निजको वैवाहिक स्थितिको सम्बन्धमा यकीन गरी फैसला कार्यान्वयनको कामकारवाही गर्नु भनी काठमाडौं जिल्ला अदालतका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६९ साल असार १९ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-WO-०११५, उत्प्रेषण/प्रतिषेध, *प्रमोद शम्शेर ज.ब.रा. वि. भन्सार विभाग समेत*

भन्सार ऐन, २०६४ को दफा ६२ ले भन्सार अधिकृत वा अन्य कर्मचारीले निर्धारण गरेको भन्सार

महसूल वा भन्सार अधिकृतले दिएको दण्ड सजायको आदेश वा गरेको निर्णयउपर चित्त नबुभ्mने व्यक्तिले राजश्व न्यायाधिकरणमा पुनरावेदन दिनसक्ने व्यवस्था गरेको छ। यसरी भन्सार अधिकृतले भन्सार शुल्क समेत लगाएको निर्णय वा आदेशउपर राजश्व न्यायाधिकरणमा पुनरावेदन गर्नसक्ने स्पष्ट वैकल्पिक कानूनी उपचारको व्यवस्था उपलब्ध हुँदाहुँदै सो अवलम्बन नगरी असाधारण अधिकारक्षेत्र अन्तर्गत रिट निवेदन दिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः नारायणप्रसाद पौडेल

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६९ साल साउन २८ गते रोज १ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६२ सालको दे.पु.नं. ०६४-CI-८६१३, मोही नामसारी, *बुधनीदेवी राजधोब वि. रधियादेवी खत्वेनी*

कुनै पनि जग्गामा कायमी मोहियानी हक हकवालामा नामसारी हुन्छ भन्ने कुरामा विवाद छैन। तर, प्रस्तुत मुद्दामा उल्लिखित आधार प्रमाणहरूको मूल्याङ्कन गरी हेर्दा निवेदकको पतिले नै मोहियानी हक छोडी दिइसकेको अवस्था देखिन्छ। जीवित छँदाकै अवस्थामा पतिले नै मोहियानी हक छोडी सकेकोमा पतिको मृत्युपश्चात् निजकी पत्नीले मोहियानी हक मेरो नाममा नामसारी गरिपाऊँ भन्ने वादी दावी पुग्नसक्ने अवस्था देखिन आएन। त्यसमा पनि मोही लगत कट्टा हुने भन्ने लगाउको मुद्दामा भूमिसुधार कार्यालयले गरेको निर्णयउपर पुनरावेदन नै नपरी सो अन्तिम भइसकेको देखिँदा मोही नामसारी हुन नसक्ने।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६९ साल बैशाख ५ गते रोज ३ शुभम्।

- यसै प्रकृतिको २०६२ सालको दे.पु.नं. ०६४-CI-८६११, मोही नामसारी, *निरसीदेवी राजधोब वि. रधियादेवी खत्वेनी* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** ०६६-RC-००२८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. माया तामाङ*

आफ्नो देवर विकास तामाङसँगको अवैध यौन सम्पर्कबाट गर्भ रहेपछि प्रतिवादी उक्त बच्चा जन्माउन जंगलमा जानु, जन्मिएको बच्चालाई आफूले खाल्डो खनेर गाडेको तथ्यलाई स्वीकार गरी प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्नु, Autopsy Report मा The birth of the infant was a live birth. The cause of death is blunt force cranio (cerebral or head) injuries भन्ने उल्लेख हुनु र नवजात शिशुलाई अन्यले मार्नुपर्ने कारण नदेखिएको हुँदा उपरोक्त तथ्य र प्रमाणहरूबाट प्रतिवादी माया तामाङले आफ्नो देवरसँग अवैध यौनसम्पर्कबाट गर्भ रही जीवित जन्मिएको बालकलाई कर्तव्य गरी मारेको पुष्टि हुन आएको आधार र कारणबाट अभियोग माग दावीबमोजिम कसूरमा प्रतिवादी माया तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल असार २२ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CR-०२६१, जवर्जस्ती करणी, *रामबहादुर वि.क. वि. नेपाल सरकार*

प्रतिवादी करणी गर्ने क्रममा पीडितको कपडा च्याती जवर्जस्ती करणी गर्न थालेको र पीडित कराउन थालेपछि निज पीडितलाई मुख थुनी पिटेको भन्नेलगायतको स्वयं पीडितको मौकाको कागज तथा प्रतिवादी स्वयंमको बयानबाट समेत सो वारदातमा एकै मिलान व्यहोराको घटनाक्रम रहेको देखिन आउँछ। सो घटनाक्रमको हलचलबाट

सँगै सुतेकी सानी बहिनी सोनु वि.क. समेत बिउँझी बाहिर गई दाजु गणेशलाई भनेपछि, गणेश घरभित्र आई हेर्दा यी प्रतिवादी बाबुलाई नाङ्गो रूपमा बहिनी माथि चढिरहेको देखी हेर्न नसकी बाहिर निस्केपश्चात् गाउँलेहरू जम्मा भई सोधखोज गर्दा पीडित घरबाहिर मकैको डाँठ राखेको स्थानमा अत्यन्त त्रसित र भयभीत अवस्थामा भेटिएको भन्ने समेतको घटनाक्रमबाट समेत उक्त घटना लगत्तैको पीडितको तत्कालको शारीरिक अवस्थाबाट समेत निजको पिताबाट नै निजउपर जवर्जस्ती करणी भएको भन्ने तथ्य प्रष्ट देखिँदा प्रतिवादीले आफ्नो १२ वर्षीया नाबालिका छोरी पीडित शान्ति वि.क. लाई हाडनातामा जवर्जस्ती करणीको कसूर गरेकोमा निज प्रतिवादीलाई मुलुकी ऐन, जवर्जस्ती करणीको महलको ३(२) नं. बमोजिम ८ वर्ष र हाडनाता करणीको महलको १ नं. बमोजिम १० वर्ष कैद हुने साथै जवर्जस्ती करणीको महलको १० नं. बमोजिम पीडीतलाई पाँचहजार रूपैयाँ क्षतिपूर्ति भराई दिने ।

इजलास अधिकृतः वसन्तजङ्ग थापा

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल माघ ११ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७ सालको CR-०९३९, निर्णय बदर, *अख्तियार दुरूपयोग अनुसन्धान आयोग टंगाल, काठमाडौं वि. मजिदी अन्सारी*

विवादित कि.नं. १२१ को जग्गा सार्वजनिक जग्गा हो वा ऐलानी भनी त्यसको हैसियत र स्वामित्व सम्बन्धमा शुरू पर्सा जिल्ला अदालतमा मुद्दा विचाराधीन रही रहेको र सो मुद्दा हाल के कुन स्थितिमा रहेको भन्ने समेत प्रष्ट नभएसम्मको अवस्थामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको उल्लिखित मिति २०६३।११।२४ को निर्णयले शुरू जिल्ला अदालतमा विचाराधीन रहेको मुद्दामा प्रष्टतः प्रभाव पर्न सक्ने स्थिति हुँदा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गरेको उक्त निर्णयलाई न्याय र कानूनसम्मत् भन्न मिल्ने देखिँदैन । यसको अतिरिक्त अख्तियार दुरूपयोग अनुसन्धान आयोगको उक्त निर्णय ऐनको दफा १२(क) को परिधिभित्र रही आवश्यक कारवाही गर्न लेखी पठाउने नभै स्वयंले नै निर्णय गरेको देखिँदा २०६३।११।१४ मा गरिएको निर्णय र सो आधारमा गरेको पत्राचार, अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२(क) को परिधिभित्र समेत रही निर्णय भएको नदेखिएकोले सो निर्णय बदर हुने ।

इजलास अधिकृतः वसन्तजङ्ग थापा

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६८ साल मंसिर ४ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६८-RC-००१३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. लोकबहादुर थापा भन्ने दीपबहादुर अधिकारी समेत*

प्रतिवादी लोकबहादुर थापा भन्ने दीपबहादुर अधिकारीले आफ्नो श्रीमती पूर्णकला अधिकारीलाई सुतेको अवस्थामा निजका भाई खड्गबहादुर अधिकारीको सहयोगमा मनसायपूर्वक हत्या गरेको पुष्टि हुन आएकोले सुतेको अवस्थामा श्रीमतीको निर्ममतापूर्वक हत्या गरेको देखिएको र निज शुरूदेखि नै फरार रहेको देखिएको अवस्थामा अ.बं. १८८ नं. को प्रयोग गरी निजलाई भएको सजाय कम गर्नु उपयुक्त नदेखिने ।

इजलास अधिकृतः वसन्तजङ्ग थापा

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल माघ १३ गते रोज ६ शुभम् ।

७

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६८-RC-००१४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. नरबहादुर आले*

मलाई मेरी आमा खगीमाया आलेले गाली गरेकीले आफ्नै घरभित्रको पश्चिमपट्टीको कोठामा दाउराले टाउको तथा शरीरका अन्य भागमा हानी कुटपीट गरेको र सोही पीरका कारण निजको मृत्यु भएको हो । कटुसको दाउरो निकाली कुटपीट गरेको हुँ । मेरो मानसिक स्थिति केही बिग्रेको छ भन्ने समेतको व्यहोरा यी प्रतिवादीले अनुसन्धानका क्रममा

भएको बयानमा उल्लेख गरेको देखिन्छ भने निजले अदालतमा उपस्थित भै गरेको बयानमा पनि अनुसन्धानको क्रममा भएको बयान उल्लिखित व्यहोरलाई समर्थन गरी मृतक खगीमायालाई आफू एक्लैले कटुसको दाउराले हिर्काई मारेको हो भनी अभियोग दावीमा सावित भई बयान गरेको देखिन्छ । यसैगरी जाहेरवालाको अदालतमा भएको बकपत्र तथा अनुसन्धानको क्रममा कागज गर्ने पदमबहादुर आले समेतका व्यक्तिहरूले अदालतमा आई लेखाएको व्यहोराबाट प्रतिवादीले कसूरमा सावित भई गरेको बयानलाई समर्थन गरेको देखिन आउँछ । यसबाट यी प्रतिवादीले कर्तव्य गरी मृतकलाई मारेको पुष्टि हुँदा प्रतिवादीलाई अभियोग माग दावीबमोजिम २० (बीस) वर्ष कैद हुने साथै प्रतिवादीले अनुसन्धान तथा अदालतमा बयान गर्दा घटनाको विवरणलाई यथार्थ रूपमा उल्लेख गरी सहयोग गरेको देखिनुका साथै आफ्नो जन्मदिने आमालाई मार्नुपर्नेसम्मको पूव रिसइवी तथा कुनै किसिमको पूर्वयोजना समेत नरहेको अवस्थामा आमाले गरेको गालीको प्रतिक्रियास्वरूप निजलाई कटुसको दाउराले प्रहार गर्दा मृतक आमाको मृत्यु भएको देखिएकोले निज प्रतिवादीलाई २० (बीस) वर्ष कैद गर्दा चर्को पर्न जाने हुँदा निज प्रतिवादीलाई अ.बं. १८८ नं बमोजिम ५(पाँच) वर्ष मात्र कैद हुने ।

इजलास अधिकृतः वसन्तजङ्ग थापा

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल माघ १३ गते रोज ६ शुभम् ।

८

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६६-RC-००७२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. त्रिपुरेश्वर उपाध्याय समेत*

मिति २०५३।४।१९ गतेका दिन विपक्षी त्रिपुरेश्वर उपाध्याय, रामचन्द्र चाई रामदुलारे तिवारी समेत जना ३ भै मेरो बाबुलाई समाई सडकमा लछारपछार गरी उत्तानो पारी मेरो बाबुको दुबै खुट्टा रामदुलारे तिवारीले समाती रामचन्द्र चाईले दुबै हात समाती त्रिपुरेश्वर उपाध्याय मेरो बाबुको छातीमा चढी ढुङ्गाले घाँटीदेखि माथि टाउकोमा पटक-पटक प्रहार गरेका हुन् भन्ने समेत व्यहोरा उल्लेख गरी सो वारदातको समयमा मौजूद प्रत्यक्षदर्शी मृतकका छोरा प्रमोदकुमार उपाध्यायले दिएको जाहेरीमा किटान गरी उल्लेख गरेको देखिन्छ । निजले अदालतमा उपस्थित भई बकपत्र गर्दा बाटोमा कुरेर बसिरहेका प्रतिवादीहरू मध्ये रूक्मिणी उपाध्यायले हामी त्यहाँ पुग्दा मलाई मायावती भनी जिस्क्याउने मानिस यिनै हुन् भन्नासाथ प्रतिवादीहरूले बाबु शिवकुमारलाई कुटपीट गरेका र सोही कारणबाट बाबुको मृत्यु भएको हो भन्ने उल्लेख गरी जाहेरीमा उल्लिखित व्यहोरालाई समर्थन गरी बकपत्र गरेको देखिँदा प्रतिवादीहरूको कर्तव्यबाट शिवकुमार उपाध्यायको मृत्यु भएको पुष्टि हुन आएकोले प्रतिवादीहरू त्रिपुरेश्वर उपाध्याय, रामचन्द्र चाई र राम दुलारे तिवारीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार जन्मकैद सजाय हुने ।

इजलास अधिकृतः वसन्तजङ्ग थापा

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल माघ १३ गते रोज ६ शुभम् ।

९

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री तर्कराज भट्ट,** २०६३ सालको CR-०३३७, २०६७ सालको CR-०३७५, ०१९९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. विमल पहारी समेत, चन्द्रबहादुर गुरुङ वि. नेपाल सरकार, नपाल सरकार वि. शक्तिकुमार श्रेष्ठ*

शुरू अनुसन्धान अधिकारीसमक्ष कसूरमा आफू सावित रही नुना गुरुङ र डि.के. भन्ने सन्तोष पुन समेतले निज विमल पहारी समेतलाई पोल गर्दै वारदातस्थलमा मौजूद रहेको तथ्यलाई स्वीकार गर्दै बयान गरेको देखिन्छ । सोको अतिरिक्त मौकामा वारदातस्थलमा उपस्थित रहेका चश्मदीद् गवाह उर्मिला गुरुङले अदालतसमक्ष गरेको बकपत्रमा "म सो घटना भएको होटल टुरिष्ट बंगालोको घटना कोठामै थिएँ, मर्ने विकास घले, महेन्द्र र अभिपालसँग भेट भई खाजा खान टुरिष्ट बंगालोमा गफ गर्दै गरेको अवस्था चन्द्रबहादुर भन्ने व्यक्ति आएर खाटमा बसिरहेका विकास घलेलाई छुरी हान्यो । सन्तोष पुन भन्ने व्यक्तिको हातमा ढुङ्गा

थियो" भनी बकपत्र गरेको देखिन्छ । त्यस्तै मौकामा रहेका अर्का चश्मदीद महेन्द्रबहादुर गुरुङले आफ्नो बकपत्रमा "मिति २०५८।१२।८ गते होटल टुरिष्ट बंगालोमा नास्ता खाने सल्लाह गरिरहेको बेला चन्द्र गुरुङ, नुना गुरुङ समेतका केटाहरू आएर विकास घलेलाई चन्द्रबहादुर गुरुङले छुरी प्रहार गरे" भनी सो वारदातका समयमा नुना गुरुङ समेतको उपस्थिति रहेको बताएका छन् भने सोही बकपत्रको स.ज. ७ मा "मृतक विकास घलेलाई चन्द्रबहादुरले छुरी हानेको हो, अरूमा शक्ति श्रेष्ठ, नुना गुरुङ, विमल पहारी, सन्तोष पुन समेतले हामीलाई लात्ती, मुक्काले हिर्काएका हुन्" भनी बकपत्र गरेको देखिन्छ । यसबाट विपक्षीमध्येका बिमल पहारी, डिके भन्ने सन्तोष पुन र नुना गुरुङको समेत घटना हुँदा वारदातस्थलमा उपस्थिति रहेको तथ्यलाई पुष्टि गरी रहेको भए पनि निजहरूउपर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम सजायको माग दावी लिएको सम्बन्धमा विचार गर्दा मृतक विकास घलेलाई मार्नमा संयोग पार्नको निमित्त मृतकको शरीरमा लात हानेको, समाएको पक्रेको भन्ने तथ्य कहीँ कतैबाट खुल्न आएको पाइँदैन । यस स्थितिमा निज विपक्षी प्रतिवादीहरू विमल पहारी डिके भन्ने सन्तोष पुन र नुना गुरुङको हकमा ज्यानसम्बन्धी महलको १३(४) को अभियोग दावी पुग्न सक्ने देखिँदैन । तसर्थ निजहरूको हकमा ढुङ्गा लिएर घटनास्थलमा मौजूदसम्म रहेको भन्ने देखिँदा सोही महलको १७(२) आकर्षित हुने ।

अधिकांश सहअभियुक्तहरूले सो वारदात घटाउँदाको दौरानमा सक्रिय रूपमा सरीक भई मृतक विकास घलेलाई छुरी प्रहार गर्ने निज चन्द्रबहादुर गुरुङ नै हुन् भनी पोल गरेको देखिन्छ । यस सम्बन्धमा सो वारदात हुँदाको समयमा मौकामा उपस्थिति रहेकी उर्मिला गुरुङ तथा महेन्द्र गुरुङले आफ्नो बकपत्रमा मृतक विकास घलेलाई चन्द्रबहादुरले छुरी हानेको हो भनी लेखाई दिएको देखिन्छ भने प्रतिवादीहरू नरेन्द्र गुरुङ, सुरेन्द्र गुरुङ, सन्तोष पुन, नुना गुरुङलगायत मौकामा उपस्थित चश्मदीद व्यक्ति महेन्द्र गुरुङले समेत प्रतिवादी चन्द्रबहादुरले प्रयोग गरेको छुरी यही हो भनी सनाखत गरेको देखिँदा पुनरावेदक तथा विपक्षी प्रतिवादीहरूमध्ये चन्द्रबहादुर गुरुङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने र अन्य सहअभियुक्तहरू विमल पहारी, डिके भन्ने सन्तोष पुन र नुना गुरुङलाई सोही महलको १७(२) नं. बमोजिम तथा अन्य सहअभियुक्तहरू नरेन्द्र गुरुङ र ट्याक्सी चालक सन्तोष गुरुङका हकमा सोही महलको १७(३) नं. बमोजिम कैद सजाय हुने तथा बाँकी अन्य अभियुक्तहरू दिलबहादुर गुरुङ, सरेन्द्र गुरुङ, टेकराज गुरुङ, देवेन गुरुङ शंकर श्रेष्ठ र मनोज गुरुङका हकमा भने अभियोग दावीबाट पूर्णतः सफाइ हुने एवं अर्को आरोपी शक्ति श्रेष्ठ भन्ने शक्तिकुमार श्रेष्ठको हकमा पनि निजले आरोपित कसूरबाट सफाइ पाउने ।

इजलास अधिकृतः वसन्तजङ्ग थापा

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६८ साल मंसिर ५ गते रोज २ शुभम्

१०

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६५-WO-०५७४, उत्प्रेषण परमादेश, *सुवर्ण फर्मास्युटिकल्स लिमिटेडको तर्फबाट रामकृष्ण मानन्धर वि.तुँदी कन्स्ट्रक्शन प्रा.लि. समेत*

पेश गरिएको दावीपत्र दावीकर्ताले अर्को पक्ष अर्थात् यी निवेदकलाई दिएकोमा मध्यस्थता ऐन, २०५५ को दफा २० बमोजिम त्यसरी दावीपत्र बुझी म्यादभित्र प्रतिवाद नगरी पुनः म्याद जारी गरिपाऊँ भनी गरिएको दावीबमोजिम गर्नु नपरी मध्यस्थको कारवाही जारी राख्ने भनी मध्यस्थ ट्राइबुनलबाट भएको आदेश र सो आदेशलाई सदर गरेको पुनरावेदन अदालतको आदेशबाट यी निवेदकको कानून तथा संविधानप्रदत्त हकमा प्रतिकूल असर पुग्न गएको नदेखिँदा मागबमोजिम आदेश जारी गर्नुपर्ने औचित्य नदेखिने ।

यी निवेदकले दावीपत्रको सूचना पाई म्यादभित्र प्रतिवाद नगरेको स्थिति हुँदा पुनः सूचना

दिइरहनु नपरी कारवाही जारी राख्ने गरी मध्यस्थ ट्राइबुनलबाट मिति २०६५।५।१६ मा भएको आदेश मनासिब नै हुँदा सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६५।६।९ को आदेशमा कानूनी त्रुटि नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६९ साल असार २८ गते रोज ५ शुभम् ।

११

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६८-RC-०१२०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. कनेनी चौधरी*

शिशु मृत अवस्थामा जन्मिएको भन्ने प्रतिवादीको अदालतसमक्षको बयान मिसिल संलग्न कुनै पनि प्रमाणबाट समर्थित नभएको र प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष साविती बयान गरेको, अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा प्रतिवादी कननी चौधरी सचेत अवस्थामा रहेको, यातना दिएको पनि नदेखिएको साथै ईच्छा विरूद्ध बयान गराउनु पर्ने अवस्था पनि नदेखिएको हुँदा प्रमाण ऐन, २०३१ को दफा ९(२)(क) मा भएको कानूनी व्यवस्थाले उक्त साविती बयान प्रतिवादीका विरूद्धमा प्रमाणमा ग्रहण गर्न मिल्ने नै देखिन आयो । साथै मिसिल संलग्न Autopsy Report समेतबाट प्रतिवादीको सो साविती बयान समर्थित भएको हुँदा प्रतिवादीले अवैध यौन सम्बन्धबाट गर्भधारण गरी जन्मिएको नवजात शिशु (छोरी) को हत्या गरेको भन्ने अभियोग दावी पुष्टि हुन आएको पाइँदा प्रतिवादी कननी चौधरीलाई अभियोग माग दावीबमोजिमको कसूरमा ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ।

आफ्नो लोग्नेसँग नबसी भिन्न बस्दै आएकी यी प्रतिवादीले परपुरुषसँगका अवैध यौन सम्पर्कको कारण रहेको गर्भबाट बच्चा जन्मिएकोले सामाजिक लोकलाजको कारण आफैंले जन्माएको नवजात शिशुलाई कर्तव्य गरी मारेको अवस्था हुँदा जन्मकैदको सजाय गर्दा चर्को पर्ने भनी अ.बं. १८८ नं. बमोजिम प्रतिवादीलाई ५ वर्ष कैदको सजाय गर्ने भनी व्यक्त भएको राय समेत मनासिब देखिँदा सदर हुने ।

स्इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल असार २० गते रोज ४ शुभम् ।

१२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६-CR-०६९८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मनोजप्रसाद रौनियार समेत*

वारदात हुँदाको समयमा प्रमीला र मृतककी सासू बसेको कोठाको बाहिरबाट चुकुल कसले लगायो, मृतक आफैंले सो चुकुल लगाएर भान्सामा आई आफैंलाई मट्टितेल खन्याइ आगो लगाएको हो, वा अरू कसैले चुकुल लगाइदिएको हो भन्ने सम्बन्धमा अनुसन्धानको क्रममा पर्याप्त सोधखोज, विश्लेषण तथा विवेचना हुन सकेको पाइँदैन । जसबाट मृतक संगीताको मृत्यु भएको जस्ता घटनाहरू वास्तवमा Accidental (दुर्घटनावस) हो वा Homocide (कर्तव्यबाट) भएको हो अथवा Suicide (आत्महत्या) नै हो भन्ने कुरा स्पष्ट रूपमा भन्न सकिने देखिँदैन । यस्तो अवस्थामा शंकाको भरमा मात्र कसैउपर कसूर ठहर गर्न फौजदारी न्यायको सर्वमान्य सिद्धान्त समेतबाट नमिल्ने हुँदा प्रतिवादीहरूले अदालत एवं प्रहरी समेतसमक्ष भएको इन्कारी बयान तथा चश्मदिद् साक्षीहरूको सर्वथा अभाव रहेको अवस्थामा कर्तव्य ज्यानजस्तो संगीन प्रकृतिको मुद्दामा प्रतिवादीहरूले नै कसूर गरेको हो भन्ने विवादरहित प्रमाणबाट समर्थन र पुष्टि हुन नसकेसम्म केवल अनुमान र शंकाको भरमा मात्र प्रतिवादीहरूलाई अभियोग दावीमा मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको कठोर सजाय कायम गर्न, स्थापित सर्वमान्य सिद्धान्त समेतको आधारमा न्यायोचित हुने नहुँदा प्रतिवादीहरूले प्रस्तुत कसूरबाट सफाइ पाउने ।

इजलास अधिकृतः वसन्तजङ्ग थापा

कम्प्युटरः धनबहादुर गुरुङ

इति संवत् २०६८ साल कात्तिक १४ गते रोज २ शुभम् ।

**इजलास नं. ६**

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** २०६५-WO-०२३५, उत्प्रेषण, *मनोज आचार्य समेत वि. साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड केन्द्रीय कार्यालय कालीमाटी समेत*

निवेदकहरू हाल बढुवा पाएको पदमा पदोन्नति हुनु अगाडि का.मु. भई अनवरत रूपमा काम गरिरहेको देखिन्छ । श्री साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड कर्मचारी विनियम, २०६२ को नियम २.११.४ हेर्दा "कायम मुकायमको अवधि कार्यकारी प्रमुखले तोकेबमोजिमको अवधिसम्मको हुनेछ" भन्ने उल्लेख भएको पाइन्छ । माथिल्लो पदमा बढुवा नहुञ्जेल रिट निवेदकहरूलाई का.मु. तोकिएको कुरा निजहरूलाई दिइएको पत्रहरूबाट देखिन्छ । स्वयम् अख्तियार दुरूपयोग अनुसन्धान आयोगले नै निवेदकहरूलाई पत्राचार गर्दा का.मु. नै उल्लेख गरी पत्र लेखेको पाइन्छ । साथै आयोग र साल्ट ट्रेडिङ लिमिटेड कर्पोरेशनबाट यी निवेदकहरूलाई लगाइएको आरोप सम्बन्धमा आफ्नो कुरा भन्न र जानकारी गराउने पर्याप्त समय प्रदान गरी प्राकृतिक न्याय सिद्धान्त समेतको पालना गरेको देखिदैन । यी निवेदनहरूबाट निजहरूले का.मु. को कार्यभार बहन गर्दा लिएको तलव, भत्ता, सुविधा असूलउपर गर्नु भनी निर्णय गर्नुपूर्व आयोगले निवेदकरूलाई सोको लागि नियमबमोजिम सुनुवाइको मौका प्रदान गर्नु पर्नेमा सो समेत गरेको नदेखिँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट भएको मिति २०६५।४।२७ को निर्णय र सोअनुसार भएको साल्ट ट्रेडिङ लिमिटेड कर्पोरेशनको निर्णय र पत्राचारहरू कानूनसम्मत् मान्न नमिल्ने ।

निवेदकहरूको हक हितमा प्रतिकूल असर पर्ने गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट भएको मिति २०६५।४।२७ को निर्णय एवं सो निर्णयका आधारमा साल्ट ट्रेडिङ लिमिटेड कर्पोरेशनबाट भएको मिति २०६५।५।१३ मा भएको निर्णय र सो निर्णयबमोजिम रिट निवेदकहरूलाई कर्पोरेशनले मिति २०६५।५।२२ मा लेखेको पत्र लगायत सोसँग सम्बन्धित कामकारवाहीहरू उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६९ साल साउन २१ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४-WO-०७७५, उत्प्रेषण, *सुशील लम्साल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय समेत*

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २८ को देहाय (ज) को अधिकारअनुसार सार्वजनिक पर्ति जग्गा संरक्षण गर्ने अधिकार स्थानीय निकायलाई रहेको भए तापनि त्यस किसिमको जग्गा राज्यको कार्यकारिणी अधिकार प्रयोग गर्ने मन्त्रिपरिषद्‌ले कुनै निर्णय लिई कसैलाई हस्तान्तरण गर्न सक्तैन भन्न मिल्दैन । किनकि गा.वि.स. ले आफ्नो क्षेत्रमा स्वायत्त रूपमा सम्पूर्ण अधिकार प्रदान गर्न सक्ने निकाय नभई राज्य मातहतको एक इकाई मात्र भएकोले राष्ट्रको कार्यकारिणी अधिकार प्रयोग गर्ने निकायले आफू मातहतको अंगलाई सोध्नु पर्ने र जानकारी लिइरहनु पर्ने नदेखिने ।

नेपाल सरकारको अधिनस्थ एक निकाय गा.वि.स. ले सरकारले गरेको कानूनसम्मत् निर्णयमा प्रश्न उठाउन मिल्ने देखिएन । अतः नेपाल सरकार मन्त्रिपरिषद्‌को मिति २०६४।५।६ को निर्णयानुसार विभिन्न निकायबाट भए गरेको कामकारवाही र सो आधारमा शहीद परिवारको नाताले इन्दिरा दाहालले प्राप्त गरेको जग्गाको अधिकार कानूनसम्मत् रहेको देखिने ।

नेपाल सरकार मन्त्रिपरिषद्‌को मिति २०६४।५।६ को निर्णयबाट काठमाडौं जिल्ला मनमैंजु गा.वि.स. वडा नं. ७(क) कि.नं. ९८ को जग्गा रोपनी ३-१२-०-० को जग्गामध्ये दक्षिण पूर्वतर्फबाट

कित्ताकाट गरी कि.नं. १००१ को क्षेत्रफल ०-६-०-० जग्गाधनीमध्येकी इन्दिरा दाहालका नाउँमा दा.खा. गरी निजका नाउँमा स्रेस्ता पूर्जा तयार गरी दिने भनी भएको उक्त निर्णय कानूनबमोजिम अख्तियारप्राप्त निकायबाट भई शहीद पत्नीलाई रीतपूर्वकको निर्णय गरी जग्गा प्रदान गरेको देखिँदा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६४।५।६ को निर्णय बदर गरिरहनु नपर्ने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०६९ साल साउन २१ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CI-११२०, परमादेश, *राम भरोस दास वि. नाथु दास चौधरी*

निवेदकले आफ्नो नाउँको जग्गा रू. पाँच लाख पचास हजार रूपैयाँमा बिक्री गर्ने र विपक्षीले निजकै त्रियुगा सहकारी संस्थामा खाता खोली ८ प्रतिशत ब्याज दिने गरी सम्पूर्ण रकम विपक्षीले नै बुझी लिई रू. तीन लाखको खाता खोली पासबुक चढाई दिए । बाँकी रकम सोही खातामा चढाई दिन्छु भनेकोमा हालसम्म खातामा जम्मा नगरी दिएकोले ठगीतर्फ छानबीन गरिपाऊँ भनी जाहेरी/निवेदन लिएर जाँदा जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालयले दर्ता गर्न इन्कार गरेको भन्ने रिट निवेदन रहेकोमा, तीनलाख रूपैयाँको मात्रै खाता खोलिएको हो भन्ने विपक्षी सहकारी संस्थाको लिखित जवाफ रहेको र निवेदक जाहेरी लिएर आफूकहाँ नआएको भन्ने जिल्ला प्रहरी कार्यालय, उदयपुरको लिखित जवाफ रहेको देखिन्छ । मिसिल संलग्न जिल्ला प्रशासन कार्यालयमा पेश गरेको भनिएको २०६६।५।२८ को निवेदनको फोटोकपी हेर्दा "यस कार्यालयमा प्रस्तुत कागजात हेर्दा लेनदेनसँग सम्बन्धित रहेको सोसँग सम्बन्धित निकायमा कानूनबमोजिम मुद्दा दर्ता गर्ने गरी दरपीठ गरिदिएको छ" भन्ने प्रमुख जिल्ला अधिकारीबाट आदेश समेत भैरहेको देखिएबाट निवेदकले रिट निवेदनमा उल्लिखित विषयवस्तुमा जाहेरी लिएर प्रहरीलगायतका निकायमा गएनन् होला भनी मान्न सकिने अवस्था देखिँदैन । आफूउपर भए गरेको अन्यायको व्यहोरा खुलाई कानूनसम्मत् जाहेरी दिन सक्ने नागरिकको त्यस्तो अधिकारलाई अन्यथा भन्न सकिने अवस्था नहुँदा, जाहेरी दिन आए त्यस्तो जाहेरी दर्ता गरिदिनु पर्छ । कानूनबमोजिम दर्ता गर्न मिल्ने नदेखिए कारणसहित दरपीठ समेत गरी सम्बन्धित पक्षलाई नै फिर्ता गरिदिनु पर्ने सम्बन्धित निकायले दायित्व हुन आउने देखिन्छ । तर प्रस्तुत मुद्दामा सम्बन्धित प्रहरी निकायबाट सो दायित्व पूरा गरेको नदेखिँदा जाहेरी दर्ता गर्न ल्याए कानूनबमोजिम दर्ता गरी आवश्यकताअनुसार सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयको परामर्श समेत लिई अनुसन्धान प्रक्रिया अगाडि बढाउने र अनुसन्धानबाट कारवाही अगाडि बढाउन सकिने नदेखिए त्यस्तो अवस्थामा सोही कुरा जनाई दरपीठ गरी सम्बन्धित सरोकारवाला व्यक्तिलाई नै फिर्ता गरिदिन सकिने नै हुँदा जाहेरी दिन ल्याए जाहेरी दरखास्त रीतपूर्वक दर्ता गरी अनुसन्धानको कार्य गर्नु वा सो गर्न नमिल्ने भए सोही कुरा जनाई दरपीठ गरिदिनु भनी परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः वसन्तजङ्ग थापा

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल चैत २ गते रोज ५ शुभम् ।

- यसै प्रकृतिको ०६७-CI-१०८६, परमादेश, *रामदेव यादव वि. शत्रुधन यादव* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CI-११२७, ११२८, निषेधाज्ञा, *गोविन्दबहादुर श्रेष्ठ वि. डोमे सर्की शेर्पा समेत, डा. विमलप्रसाद ढकाल वि. डोमे सर्की शेर्पा समेत*

रेडक्रस सोसाइटी र विपक्षी रिट निवेदकहरू बीच सटर भाडामा लिने दिने सम्बन्धमा विधिवत्

भएको सम्झौताको अवधि बाँकी छँदै सो सम्झौताको पक्ष नरहेको भेरी अञ्चल अस्पतालले सटर घर खाली गरी आफूसँग सम्झौता गर्न आउनु भनी विपक्षीलाई सूचना दिएको कारणबाट निवेदकहरूले सम्झौता गरी प्राप्त भएको उक्त सटर पसलमा व्यापार व्यवसाय गरी आयआर्जन गरेको देखिएको हुँदा त्यसरी लिखित जवाफकर्ता भेरी अञ्चल अस्पतालबाट एकाएक हस्तक्षेप हुँदा निवेदकहरूको सम्पत्ति कमाउने भोग गर्ने मौलिक हकमाथि हस्तक्षेप हुने हुँदा भेरी अञ्चल अस्पताल विकास समिति समेतको नाममा निवेदकहरूको व्यापार व्यवसायमा प्रत्यक्ष हस्तक्षेप हुने गरी कुनै प्रकारको कदम नचलाउनु वा चलाउन नलगाउनु भनी निषेधाज्ञाको आदेश जारी हुने ।

इजलास अधिकृत वसन्तजङ्ग थापा

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल चैत २ गते रोज ५ शुभम् ।

## एकल इजलास

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह,** २०६८-WO-०८०५, उत्प्रेषणयुक्त परमादेश, *पंकजकुमार झा वि. पुनरावेदन अदालत, राजविराज समेत*

मुल्तवी आदेशमा यी निवेदकको चित्त नबुझेको भए अ.बं. १७ नं. बमोजिम माथिल्लो अदालतमा निवेदन दिन सक्ने अवस्था हुँदाहुँदै सामान्य कानूनी उपचारको मार्ग अवलम्बन नगरी निवेदकले यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत रिट क्षेत्रमा प्रवेश गरेको देखिएको छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम कसैको संवैधानिक हकको प्रयोगमा बाधा उत्पन्न भएमा अन्य उपचारको मार्ग नभएमा वा उपचारको मार्ग भए पनि सो प्रभावकारी नभएको अवस्थामा मात्र रिट क्षेत्र आकर्षित हुनेमा निवेदकले वैकल्पिक उपचारको मार्ग अवलम्बन नगरी सोझै रिट क्षेत्रमा प्रवेश गरेको देखिएकाले प्रथमदृष्टिमा नै निवेदकको मागबमोजिमको आदेश जारी हुन सक्ने अवस्था नदेखिँदा विपक्षीहरूबाट लिखित जवाफ मगाई रहन नपर्ने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०६८ चैत २ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी,** ०६९-WO-००७६, उत्प्रेषणयुक्त परमादेश, *शारदा रानी सरिता वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत*

एकभन्दा बढी परीक्षार्थीहरू सम्मिलित भएको लिखित परीक्षामा निजहरूले लेखेको उत्तर र अन्तर्वार्तामा निजहरूले दिएको मौखिक उत्तर र प्रदर्शन गरेको क्षमताको आधारमा परीक्षाफल प्रकाशित हुने हो । विपक्षी रञ्जु यादवलाई उत्तीर्ण गरी नियुक्तिको सिफारिश गर्ने गरेको निर्णय यो यस आधारमा त्रुटिपूर्ण छ भनी वस्तुनिष्ठ आधार देखिन नआएको र निवेदनको विषयवस्तुलाई दृष्टिगत गर्दा सम्पन्न भैसकेको अन्तर्वार्ता समितिले अंक कति प्रदान गर्नुपर्ने थियो भन्ने जस्ता कुराको विस्तृत छानबीन रिट क्षेत्रबाट हुनसक्ने पनि होइन । यस्तो विषयवस्तु समावेश भएको प्रस्तुत रिट निवेदनमा विपक्षीहरूबाट लिखित जवाफ माग गरी कारवाही अगाडि बढाउनु पर्ने कानूनी आधार, औचित्य र अवस्था छैन । अन्तर्वार्ता समेतबाट अनुत्तीर्ण भएकी यी निवेदकालाई सो पदमा नियुक्ति पाउने कानूनी अधिकारको सिर्जना हुनसक्ने अवस्था समेत नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६९ साल साउन २१ गते रोज १ शुभम् ।

## अन्तरिम आदेश

१

**मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६९-WO-०२८७, उत्प्रेषणयुक्त परमादेश, *बदनिया गोवानी वि. जैनाथ राउत समेत*

यस अदालतबाट मिति २०६४।५।२६ मा अन्तिम फैसला भएको वादी जैमनदेवी समेत र प्रतिवादी जयनारायण राय समेत भएको अंश मुद्दामा वादीको दर्खास्तअनुसार वादी किसुनवती देवीको अंश भाग २०६८।१२।५ मा छुट्ट्याउने गरी बण्डा मुचुल्का भैसकेको र निज प्रतिवादी तथा यिनै रिट निवेदक बदनिया गोवार्नी वादी भएको २०६६।१०।२५ मा फैसला भएका अंश मुद्दाबाट भरी पाउने ठहरेको बिगोबापत किसुनवती देवीको अंश भागको जग्गा मिति २०६९।१।१७ मा लिलाम भएको समेत देखिएको अवस्थामा उक्त अंश मुद्दाको पक्ष विपक्ष समेत नभएको अंश मुद्दाको वादी किसुनवती देवीलाई कर्जा दिएको भन्नेसम्म देखिने व्यक्ति जैनाथ राउतले दिएको निवेदनबाट मिति २०६९।१।१७ को लिलाम बदर गर्ने गरी भएको पुनरावेदन अदालत जनकपुरको मिति २०६९।५।७ को आदेश कार्यान्वयन गर्दा प्रस्तुत रिट निवेदनको प्रयोजन समाप्त हुने र निवेदकलाई अपूरणीय क्षति पुग्ने अवस्था देखिँदा यस रिट निवेदनको अन्तिम किनारा नभएसम्म पुनरावेदन अदालत, जनकपुरबाट भएको मिति २०६९।५।७ को आदेश कार्यान्वयन नगर्नु, नगराउनु भनी विपक्षीहरूको नाउँमा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०६९ साल असोज ३ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६९-WO-०३१८, उत्प्रेषण, परमादेश, *शालिकराम जमरकट्टेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

यी निवेदकलाई ज्यान मार्ने मनसायबाट प्रहार गरिएको घटनाको सम्बन्धमा यिनै निवेदकको जाहेरीले वादी नेपाल सरकार विरूद्ध प्रतिवादी, यस निवेदनका विपक्षीहरू प्रभात भन्ने राम पुडासैनी समेत भएको ज्यान मार्ने उद्योग मुद्दा फिर्ता लिने भन्ने नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०६९।४।२ मा भएको निर्णय कार्यान्वयनको क्रममा तह-तह हुँदै जिल्ला सरकारी वकील कार्यालय, काठमाडौंले मिति २०६९।५।१ मा अदालतको मञ्जूरीका लागि सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २९(१) बमोजिम काठमाडौं जिल्ला अदालतमा पत्र पठाएको देखिन्छ ।

सो अनुसार काठमाडौं जिल्ला अदालतबाट मञ्जूरी प्रदान भई मुद्दा फिर्ताको प्रक्रिया सम्पन्न भइसकेपछि यस रिट निवेदनको प्रयोजन समाप्त हुन जाने र त्यसबाट यी रिट निवेदकलाई अपूरणीय क्षति पुग्न सक्ने देखिँदा सो मुद्दा फिर्तासम्बन्धी कारवाही जे जुन अवस्थामा छ, सोही अवस्थामा प्रस्तुत रिट निवेदनको अन्तिम निर्णय नभएसम्म यथास्थितिमा राख्नु भनी विपक्षी काठमाडौं जिल्ला अदालतको नाउँमा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०६९ साल असोज ३ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६९-WO-०३३३, उत्प्रेषणमिश्रित परमादेश, *राधा चौधरी समेत वि. जिल्ला सुकुम्बासी समस्या समाधान आयोग, जिल्ला समिति धनुषा समेत*

निवेदनमा उल्लेख भएको कि.नं. ५५८ मा बाटो भनी सर्वे नापीको फिल्डबुकमा उल्लेख भएको र बाटोको जग्गा व्यक्तिलाई वितरण गरेको भन्ने देखिँदा प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्मका लागि साविक कित्ता नं. ५५८ कित्ताकाट भई कायम भएका विवादित कित्ता नं. १०६१, १०६२ र १०६३ का जग्गाको स्वरूप र स्वामित्वमा परिवर्तन नगरी यथास्थितिमा राख्नु भनी विपक्षीहरूका नाउँमा अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०६९ साल असोज ३ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६९-WO-०३५०, उत्प्रेषण, *दीपज्योति एजुकेशन फाउण्डेशन प्रा.लि. समेत वि.श्रम अदालत समेत*

रिट निवेदनका विपक्षी राजकुमार विमली निवेदक भई यिनै रिट निवेदक समेतउपर दिएको २०६४ को WO-००३६ को उत्प्रेषण रिट निवेदन यस अदालतबाट २०६६।३।१७ मा खारेज भएको देखिन्छ । उक्त उत्प्रेषणको रिट निवेदनमा राजकुमार विमलीले आफूलाई शेयरधनी भनी उल्लेख गरेको समेत देखिँदा निजलाई कर्मचारीको हैसियतले पुनर्वहाली समेत गरेको श्रम अदालतको २०६७।१०।२० को फैसला कार्यान्वयन हुँदा यी रिट

निवेदकलाई अपूरणीय क्षति पुग्न सक्ने देखिँदा यस रिट निवेदनको अन्तिम निर्णय नभएसम्म श्रम अदालतको २०६७।१०।२० को फैसलाको कार्यान्वयन अहिले जुन स्थितिमा छ सोही यथास्थितिमा राख्नु, कार्यान्वयन प्रक्रिया अगाडि नबढाउनु भनी विपक्षीहरूको नाउँमा अन्तरिम आदेश जारी हुने । इति संवत् २०६९ साल असोज ११ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री गिरीश चन्द्र लाल**, ०६९-WO-०३२५, उत्प्रेषण, *अधिवक्ता सुनीलरञ्जन सिँह समेत वि. त्रिभुवन विश्वविद्यालय सेवा आयोगको कार्यालय, कीर्तिपुर समेत*

निवेदनमा उल्लिखित विज्ञापन नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३(३) एवं २१ द्वारा पिछडिएका वर्गहरूमा संरक्षण सशक्तीकरण एवं विकासको लागि भएको व्यवस्थाअनुरूप नहुनुको साथै त्रिभुवन विश्वविद्यालय, शिक्षक कर्मचारी सेवासम्बन्धी नियम, २०५० को नियम ६.३(५) को व्यवस्थाविपरीत एवं यस अदालतबाट सुनीलरञ्जन सिँह विरूद्ध नेपाल संस्कृत विश्वविद्यालय समेत (रि.नं. ०६७-WO-०३९५) को मुद्दामा प्रतिपादित भएको सिद्धान्तविपरीत समेत भएको देखिन्छ । तसर्थ उक्त विज्ञापनअनुसार पदपूर्तिको कार्य अगाडि बढाइएमा विरूद्ध खण्डमा उल्लिखित त्रिभुवन विश्वविद्यालयको सम्बन्धित सेवामा रहेका महिला, दलित आदिवासी, जनजाति एवं मधेशीहरूको पदोन्नतिमा अपूरणीय क्षति (Irreparable Loss) हुने भएकोले अर्को आदेश नभएसम्म विज्ञापन नं. ३/२०६९-०७० अनुसारको पदपूर्ति हुने कार्य अगाडि नबढाउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश समेत जारी हुने । इति संवत् २०६९ साल असोज २ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री प्रकाश वस्ती,** ०६९-WS-००१९, उत्प्रेषण, *शिवचन्द्र पौडेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निर्माण व्यवसायी फर्म नवीकरण गर्दा निर्माण व्यवसायी महासंघको सदस्यता लिनुपर्ने कानूनी व्यवस्थालाई यिनै रिट निवेदक रहेको *नेकाप* २०६९ असार नि.नं. ८७७७ को पृष्ठ ३५७ मा यसै अदालतको पाँच सदस्यीय विशेष इजलासले मिति २०६८।१०।५ मा अवैध घोषित गरिसकेको पाइयो । तर, मिति २०६९।२।८ को नेपाल राजपत्रमा नेपाल सरकार, भौतिक योजना तथा निर्माण मन्त्रालयको सूचनामा नेपाल सरकारले निर्माण व्यवसायी नियमावली, २०५६ को नियम २१ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची ५ को खण्ड ५ को सट्टा देहायको खण्ड ५ राखी हेरफेर गरेको छ जसमा- "५(क) नेपाल निर्माण व्यवसायी महासंघको सदस्यता नं. (ख) नवीरकण मिति" भन्ने व्यवस्था राखेको पाइयो ।

सर्वोच्च अदालतबाट भइसकेको व्याख्याको प्रतिकूल रहेको उक्त प्रावधान यो रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म कार्यान्वयन नगर्नु, नगराउनू भनी अन्तरिम आदेश जारी हुने ।

इति संवत् २०६९ साल असोज २ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री प्रकाश वस्ती,** ०६९-WO-०३०५, उत्प्रेषण, *विनीता थापा समेत वि. गृह मन्त्रालय*

नेपाल राष्ट्रिय कर्मचारी संगठन, निर्धन उत्थान बैंक लिमिटेड केन्द्रीय कर्मचारी समितिले विभिन्न माग राखी मिति २०६९।५।४ देखि सम्पूर्ण शाखा कार्यालयहरूमा तालाबन्दी गरेका विरूद्ध आफू निक्षेपकर्ता तथा ऋणी भएको भन्दै सो कार्य रोक्न रोकाउन अन्तरिम आदेश माग गरेको पाइयो ।

आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा ३ को उपदफा (१) मा "सार्वजनिक सेवाको लागि आवश्यक एवं उचित लागेमा नेपाल सरकारले नेपाल राजपत्रमा प्रकाशित आदेशद्वारा सोही आदेशमा तोकिएको कुनै आवश्यक सेवामा हड्ताल निषेध गर्न सक्नेछ" र उपदफा २ मा "उपदफा १ अन्तर्गत निकालिएको प्रत्येक आदेश ६ महिनासम्म लागू रहनेछ" भन्ने व्यवस्था रहेको भई सो अधिकार प्रयोग गरी मिति २०६९।४।३१ को नेपाल राजपत्रमा नेपाल सरकार गृह मन्त्रालयबाट जारी सूचनाको देहाय १४ मा बैंकिङ सेवा समेत उल्लेख गरेको पाइयो ।

उपरोक्त कानून व्यवस्थाअनुसार बैंकिङ सेवाका क्षेत्रमा हड्ताल निषेध गरिएको पाइयो। तालाबन्दी गरी दैनिक कामकाज रोक्नु हड्ताल नै भएबाट सो तालाबन्दीको कार्य उपरोक्त सूचनाप्रतिकूल पाइयो।

निवेदकहरू निक्षेपकर्ता तथा ऋणी रहेका निवेदन संलग्न कागजातबाट देखिइरहेको अवस्थामा मिति २०६९।५।४ देखि बैंक बन्द रहँदा चाडबाडको मुखमा आफ्नो निक्षेप झिक्न नसक्ने र समयमै ऋण तिर्न नसकी व्याजको व्ययभार बढ्ने भई निजहरूलाई अपूरणीय क्षति पुग्न सक्ने तथा सुविधा सन्तुलनको दृष्टिकोणबाट गैरकानूनी कार्य तत्काल रोक्नुपर्ने भएबाट उक्त तालाबन्दी लगायतका हड्ताल अबिलम्ब तोड्न लगाउनु भन्ने अन्तरिम आदेश जारी हुने।

इति संवत् २०६९ साल असोज २ गते रोज ३ शुभम्।

८

**मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-WO-०३३८, उत्प्रेषण, *बाबुराम तिमिल्सिना समेत वि. त्रिभुवन विश्वविद्यालय कीर्तिपुर समेत*

क्याम्पस प्रमुख पदमा वरिष्ठ शिक्षकहरूमध्येबाट नियुक्त गर्नुपर्ने भन्ने त्रिभुवन विश्वविद्यालय शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को नियम १८५(२) मा रहेको कानूनी व्यवस्थाविपरीत कनिष्ठलाई नियुक्त गरेको परिप्रेक्ष्यमा सो नियुक्तिको कार्यान्वयन नरोकेमा निवेदकहरूलाई अपूरणीय क्षति पुग्ने देखिँदा यो रिट निवेदनको अन्तिम टुंगो नलागेसम्म त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्को मिति २०६९।४।१२ को निर्णय र सोअनुसारको महेन्द्र मोरङ बहुमुखी क्याम्पसको मिति २०६९।५।५ को पत्र कार्यान्वयन नगर्नु नगराउनू भनी अन्तरिम आदेश जारी हुने।

इति संवत् २०६९ साल असोज ५ गते रोज ६ शुभम्।

९

**मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-WO-०३३९, उत्प्रेषण, *रामचन्द्र श्रेष्ठ वि. वन तथा भू-संरक्षण मन्त्रालय समेत*

यस्तै विषयवस्तु समावेश भएको संवत् २०६६ सालको रिट नं. ०४४२ मा यस अदालतको संयुक्त इजलासबाट मिति २०६७।१।२१।३ मा निजामती सेवा नियमावली, २०५० को नियम ६४ (१क) को व्याख्या भई ६० दिनको म्याद नघाई बिदा अस्वीकृत गर्न नमिल्ने भनी सिद्धान्त कायम भैरहेको र यस रिट निवेदनमा सो नजीर आकर्षित भैरहेको अवस्थामा निवेदकको मागबमोजिम अन्तरिम आदेश जारी नभएको खण्डमा निवेदकलाई विभागीय कारवाही समेत हुन सक्ने समेतको अपूरणीय क्षति हुने देखिँदा यो रिटमा अन्तिम निर्णय नहुञ्जेलसम्म विपक्षी नेपाल सरकार (सचिवस्तर) को मिति २०६९।४।८ को निर्णय कार्यान्वयन नगर्नु नगराउनू भनी अन्तरिम आदेश जारी हुने।

इति संवत् २०६९ साल असोज ५ गते रोज ६ शुभम्।

१०

**मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-WO-०३४१, उत्प्रेषण, *अमीरप्रताप ज.ब.रा. वि. सिटिजन्स बैंक इन्टरनेशनल समेत*

यसै मुद्दासँग प्रत्यक्ष सम्बन्ध भएको अर्को रिट नं. ०६९-WO-०७७ मा यस अदालतको एकल इजलासबाट मिति २०६९।४।२१।१ मा यसै निवेदक कम्पनीको सञ्चालकहरू निवेदक भएको सो मुद्दामा सो निवेदनको अन्तिम निर्णय नहुँदासम्म निवेदकहरूलाई सिटिजन्स बैंक इन्टरनेशनलको मिति २०६९।४।११ को पत्रअनुसार मिति २०६९।४।१२ मा कालो सूचीमा राखेको भन्ने मिति २०६९।४।१५ को पत्र कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनी अन्तरिम आदेश जारी भैरहेको देखिँदा सो मुद्दासँग अभिन्न सम्बन्ध रहेको यो मुद्दामा पनि अन्तरिम आदेश जारी नहुँदा निवेदकलाई अपूरणीय क्षति पुग्न सक्ने देखिँदा विपक्षीहरूलाई मिति २०६९।४।११ को पत्रबमोजिम मिति २०६९।४।१२ मा निवेदकलाई कालो सूचीमा राख्ने निर्णय र सो अनुसारको मिति २०६९।४।१५ को कर्जा सूचना केन्द्र लिमिटेडको पत्र यस रिट निवेदनको अन्तिम निर्णय नहुँदासम्म कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनी विपक्षीहरूको नाममा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) अनुसार अन्तरिम आदेश जारी हुने।

इति संवत् २०६९ साल असोज ५ गते रोज ६ शुभम्।